जि.प्र.का. काठमाडौं द.नं. १९५/०५६/५७











# रातो लालटिन

वर्ष २२, अङ्क–१, पूर्णाङ्क ७८, २०७८ भाद्र



## हार्दिक श्रद्धाञ्जली


BE INSURED Transfer your Risk
निर्जीवन बीमा गरी निश्चिन्त हुनुहोस्
हाम्रा सेवाहरू
सम्पत्ति मोटर, हवाई, सामुद्रिक, इन्जिनियरिङ, औषधोपचार, व्यक्तिगत दुर्घटना, मार्गस्थ नगद, सेधमारी तथा नकबजनी, श्रमिक मुआब्जा, निष्ठा जमानी, बैंकर्स ब्लेङ्केट, जनदायित्व, ग्राहस्थ, विविध, विदेश यात्रा तथा औषधोपचार, चिकित्सकीय दायित्व बीमा, बाली तथा पशुपन्छी स्वरोजगार बीमा
राष्ट्रिय बीमा कम्पनी लिमिटेड
प्रधान कार्यालय, रामशाहपथ, काठमाडौं,
फोन नं. ०१-४२५८८६६ फ्याक्स नं. +९७७-१-४२५८७२१,
website : www.rbcl.com.np, Email : info@rbcl.com.np,


MBL SMART $ CARD
देश मै बसेर, विदेशमा
$ PAYMENT
अब नेपाली रुपैयाँबाट नै गर्नुहोस् डलरमा अन्तर्राष्ट्रिय
E-Commerce Transactions र स्मार्ट बैंकिङको मज्जा लिनुहोस् ।
amazon
UPTO
$500
PER YEAR
VISA
Smart Bank
#GoDigital
माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित


Prabhu
GOODLUCK SAVING
"पढ्दै कमाउँदै"
STUDENTS
BE SMART
WITH
SMART INVESTMENT
Bonus of Rs.100
with New Account
Conditions Apply*
SPECIAL OFFER
Free DEMAT Account and MeroShare
Free eBanking, Mobile Banking & Debit Card
Free ABBS charge and many more....
Prabhu Bank
Toll Free No.: 16600107777
www.prabhubank.com
Prabhu Building, Babarmahal, Post Box no.: 19441
Phone: +977 1 4788500, Fax: +977 1 4780588, E-mail: info@prabhubank.com


मेरो पसिनाको मोल, समयमै पाएर
खुशी छन् मेरा परिवार,
मेरो देशको अर्थतन्त्र विकासमा
म पनि साझेदार ।
GME
REMITTANCE
जहिले पनि जहाँ पनि
TOLL FREE - 1660-01-99988
Best Rates
Wide Location
Real-Time Payment
www.gmeremit.com.np





# रातो लालटिन

राष्ट्रिय मासिक

वर्ष २२, अङ्क-१, पूर्णाङ्क ७८, २०७८ भाद्र


## स्मृतिमा जेबी टुहुरी

- जीवन शर्मा ३





## 'लालीगुराँस' गीतको समीक्षा दोस्रो सम्बोधन अनु शर्मालाई

- नारायण शर्मा ५

## सौन्दर्यशास्त्रको फरकफरक आयाम

१० - डिल्ली अम्माई



## यसभित्र


| | | | |
|---|---|---|---|
| • सम्पादकीय : वर्षे झरीका गीतको सौन्दर्य | | | २ |
| • खगेन्द्र सङ्ग्रौलाको 'नलेखिएको इतिहास' | | - रामबहादुर बुढा | १६ |
| • आँखाआँखामा देशको चित्र | | - आविष्कार कला | २३ |
| • जीतबहादुरको नासो | | - कल्पना पौडेल 'जिज्ञासु' | २७ |
| • ढुङ्गाको भाग्य | | - सुनिलकुमार पौड्याल | ३१ |
| • कविता : | - कलाकार | - जीवन शर्मा | ३३ |
| | - हतारै हतार | - निलिमा पुन | ३३ |
| | - बिर्सेका कुरा | - कपिल पाण्डे | ३५ |
| | - रक्तिम झिल्को | - मानबहादुर भण्डारी | ३७ |
| | - यिनका पिडौँला कस्ता होलान् ? | - विशाल दर्लामी | ३७ |
| • फिचर : | - वर्षेनी बढ्दो प्राकृतिक विपत्ति | | ३९ |
| | - बाघ संरक्षणमा उत्साहजनक उपलब्धि : मानव-बाघ द्वन्द्व भने भयावह | | ४३ |
| | - नैनीतालमा भारी बोकेर चलेको जीवन | | ४५ |
| | - सुरूङमार्गका इतिवृत्ति : नागढुङ्गाको गौरव गर्न लायक प्रगति | | ४८ |
| • समाचार : | - जनगायक जेबी जुहुरेको निधन | | ५२ |
| | - गायिका निलिमा पुनको तीज गीत सङ्ग्रह सार्वजनिक | | ५२ |
| | - सर्बोच्चकै प्रतिवेदन भन्छ : न्यायधीश नियुक्तिबाटै भ्रष्टाचार | | ५३ |
| | - दलित समुदायबाट गणेश मन्दिरको मूल पुजारी घोषित | | ५३ |
| | - जयवायु परिवर्तनको नयाँ रिपोर्ट : मानव जातिका लागि थप उच्च खतरा | | ५५ |
| | - तालिबानद्वारा अफगानिस्तान कब्जा | | ५५ |



**प्रकाशक/सम्पादक** : रामकृष्ण आचार्य, **सह-सम्पादक** : निलिमा पुन, **व्यवस्थापन** : अमृत आचार्य
**कार्यालय** : अनामनगर, काठमाडौं, फोन : ०१-४७७१००८ **Email:** ratolaltin@gmail.com, **Web:** www.ratolaltin.com
**मुद्रण** : अक्सफोर्ड इन्टरनेसनल, अनामनगर, काठमाडौँ

मूल्य रू. ५०

# वर्षे झरीका गीतको सौन्दर्य

***साउने झरी उर्लेर आउँदा माछा मारौं दुवालो छेकेर ...***
***भदौ र महिनाको गजगजे हिजो छि: मलाई घिन लाग्यो....***

सानैमा हामीले यस्ता गीतहरु रेडियो नेपालबाट निकै सुन्ने गरिन्थ्यो । त्यस्तै हरियो डाँडामाथि हलो जोत्ने साथी .... भन्ने गीत धर्मराज थापाले गाउँदा गाउँका किसान रेडियो वरिपरि झुम्मिएर रमाइलो मानी मानी सुन्ने गर्थे । गाउँमा कोदो गोड्दा होस या खेत गोड्दा हुद्दा लगाएर काम गने बेलामा लामो लामो भाकामा गीत गाउँदै काम गर्दै गर्ने चलन छ । यो चलन नेपालभरि सर्वत्र पाउन सकिन्छ । यस्ता गीतहरूलाई वर्षे गीत भन्ने गरिन्छ । वर्षे गीतका भाका देशभरि छरिएका छन् । ती सबै भाकाहरूमा जनताका पीर मार्का, कथा बेथा समेटिएको पाइन्छ । कवि गीतकार तथा साहित्यकारहरूले पनि विभिन्न विधामा झरी, बादल र वर्षाका कथाहरु प्रसस्त मात्रामा लेखेका छन् ।

नेपाली साहित्य, गीत र सङ्गीतमा मौसम अनुसारका गीत निकै ठुलो सङ्ख्यामा निर्मित भएका छन् । यी गीतहरु श्रम र प्रकृतिको गतिविधिसँग सिधैं जोडिएका छन् । यी गीतमा सुखदुख, हाँसोआँसु, सबै समेटिएका हुन्छन् । कोदो रोप्दा, धान रोप्दा, कोदो गोड्दा, खेत गोड्दा मकै भाँच्दा घाँस दाउरा गर्दा यी गीतहरूको सृजना र विकास भएको हो । श्रमसँग सीधा जोडिएका यी गीतहरूले मेलापात गरिरहेका किसानहरूमा काम गर्दाको थकान र पीडा कम गर्ने र जाँगर बढाउने काम गर्दछन् । के नारी के पुरूष के जवान के वृद्ध सबैका लागि काममा एकोहोरिएर लाग्न यी गीतहरु सहायक हुन्छन् । श्रमबाटै जन्मेका श्रमभित्रै हुर्केका र श्रमलाई नै सघाइरहने हुनाले यी गीतलाई श्रम गीत भने पनि फरक पर्दैन ।

वर्षे झरीका गीतले नेपाली समाजको समकालीन चित्र प्रस्तुत गरिरहेको हुन्छ । नेपाली जनताको मौलिक भाका यसमा समाहित हुन्छ । यसका धूनहरु कुनै एक श्रष्टाको प्रयासले मात्र विकसित भएका हैनन् । परम्परादेखि चलिआएर हजारौं अमूक सामाजिक स्रष्टाहरूका निरन्तर परिमार्जनबाट यी गीतका शब्द र भाका सजीव रूपमा पुस्ता दर पुस्ता हस्तान्तरण हुंदै आएका हुन ।

साउन र भदौ मैनामा प्रकृतिमा हरियाली छाएको हुन्छ । मकै पाक्न थालेकाले मानिसका मनमा पनि हरियाली छाउन थालेको हुन्छ । गाइ भैंसी पनि यीनै मैनादेखि ब्याउन सुरु गर्ने हुनाले घर घरमा गोरसको छेलो खेलो हुन थाल्दछ । असारमा जस्तो कामको चटारो पनि साउन भदौमा हुंदैन । लुतो पिलो फालेर शरीर स्वस्थ बनाउने कुरामा पनि यी मैनाहरूले साथ दिएको हुन्छन् । शरीर सँगै मन पनि स्वस्थ हुंदै जाने हुनाले गीत सङ्गीत र साहित्य सृजनामा पनि साउन भदौ महिनाको वातावरण सहयोगी बन्न जान्छ ।

साङ्गीतिक सौन्दर्यका विविध आयाम हुन्छन् । वर्षे गीतको सौन्दर्य पनि महत्वपूर्ण आयाम बोकेर शदियौंदेखि चली आएको छ । वर्षे झरीका गीत एकै प्रकारका मात्र छैनन् । कतै यी गीतमा प्रकृतिको वर्णन भेटिन्छ भने कतै समाजको चित्रण । नेपाली समाजका विविधता यी गीतका हरफमा भेटिन्छन् । पूर्वका पीडा पूर्वेली भाकामा समेटिएको हुन्छ भने पश्चिमका पीडा पश्चिमी धूनमा अन्तर्निहित हुन्छन् । यी भाका र भावनाले समग्र नेपाली समाजको असली स्वरूपलाई बुझ्न मद्दत गरिरहेका हुन्छन् । नेपाली सांस्कृतिक आकाशभित्र व्याप्त यस्ता भाकाभित्र रहेका यथार्थलाई अझ उन्नत दिशा र स्तरीय प्रविधिमा ढालेर विकसित गर्न सके यसको प्रभावले समाजलाई समुन्नत बनाउन र सही दिशामा अगाडि बढाउन निकै ठुलो योगदान पुग्ने छ ।

# स्मृतिमा जेबी टुहुरे



**- जीवन शर्मा**

*आफ्नै पौरख खान्छन*
*आफनै शीपमा बाँच्छन*
*असल महान व्यक्तिहरू*
*यिनैले जन्माउँछन्*
*तर पनि अँध्यारोमा जीवन बिताउँछन्*

यो गीतका गायक अब हाम्रो माझ छैनन् । उनले गाउँदै हिंडेका यी स्वरहरूले लाखौं नेपाली चेलीहरूलाई जगाए, उठाए र जीवन र जगत बुझेर आँफू र समाज बदल्ने महाअभियानमा होमिन प्रेरित गरे । आफ्नै पौरख खाने, आफ्नै शीपमा बाँच्ने मानिसलाई सामन्ती संस्कृतिले हेला गर्ने गर्छ । तिनै हेपिएका मानिसलाई सम्मान गर्दै उनीहरूका गीत गाउँदै गाउँदै उनको जीवन छितिजपारि पुग्यो । एउटा सुयोग्य प्रतिभा धरतीबाट ओझेल पर्‍यो ।

जन्मेको बीस वर्षमा उनले बाबुलाई गुमाउन पुगे । त्यस पछि उनले आफ्नो नामका पछाडि टुहुरे थपे । त्यो भन्दा पहिले उनी जुठबहादुर खड्कीका नामले चिनिन्थे । जेबी टुहुरेको जन्म वि.सं. २००१ साल कार्तिक १५ गते भएको थियो । धरानको पुतली बजारमा बाबु कृष्ण बहादुर खड्की र आमा दाना देवी खड्कीका कोखबाट उनको जन्म भएको हो । उनी भन्दा पहिले पाँच सन्तानको जन्म भएको थियो । तर उनीभन्दा पहिले जन्मेका पाँच सन्तानको कलिलो उमेरमा नै निधन भएको थियो । यसले उनका आमा बाबु निकै झस्केका थिए । अब यो छोरालाई कसरी बचाउन सकिएला भन्ने कुराको उनीहरूमा ठुलो चिन्ता थियो । जन्मनासाथ उनलाई जुठेल्नामा लगेर राखियो । त्यति बेलाको समाजले जे शिक्षा र संस्कार दिएको थियो बावु आमाले त्यही गरे । त्यो जमाना नाम जुराउने कुराले पनि सन्तानको भविष्य निर्धारित गर्छ भन्ने कुरामा विश्वास गर्थ्यो । त्यही आधारमा उनको नाम जुठ बहादुर टुहुरे रहन गएको कुरा स्वयम् जेबी टुहुरेले भन्ने गर्नु हुन्थ्यो । जे हो त्यही नामले पछि गएर नेपाली संसारभरिका शोषित पीडित गरी खाने वर्ग, नेपाली चेलीबेटीका आँखाको नानी र जनताको प्रिय जनगायकका रूपमा विश्वभरि प्रसिद्धि पायो ।



जेबी टुहुरे नाम रहेसँगै उनले नेपाली जनताका दुख पीडा र वेदनाका गीत गाउँदै हिंड्न थाले । जनताको चेतना अभिवृद्धि गर्ने अभिप्रायले उनले अनेकौं बाधा अड्चनका बाबजुद जनताका गीत गाउँदै गाउँगाउँ बस्ती बस्ती चहार्न थाले । रेडियो नेपालबाट उनले साङ्गीतिक यात्रा सुरू गरेको कुरा विभिन्न ठाउँमा उहाले भन्नुभएको छ । पछि रेडियो नेपालभन्दा जनताका आँगन प्रिय लाग्न थाले । त्यति बेलाको रेडियो नेपालबाट जनताका गीत गाउन सम्भव थिएन । राजतन्त्रात्मक पञ्चायती शासनको पूर्ण नियन्त्रणमा सबै संचार माध्यम हरु चलेको हुन्थे । निरङ्कुश राजतन्त्रको एक छत्र रजाइँ थियो । जनताका

गीत गाउने कलाकारहरूको गला थिचिएको थियो । खुला रूपमा जनताका गीत गाउँदै हिंड्नु सम्भव थिएन । यस्तो विकराल परिस्थितिमा पनि जनताका आँगनमा जनता कै गीत सुनाउँदै जनताका समस्यासँग जुध्दै र जनता कै निम्ति समर्पित हुंदै जेबी टुहुरेको जीवन यात्रा अघि ब बढ्दै गयो । उनको राजनीतिक चेत उठ्दै गएपछि वाम राजनीति र सङ्गठनतिर आकर्षित हुँदै गए । कोअर्डिनेशन केन्द्र हुंदै मालेको सङ्गठनसँग आबद्ध भएर त्यसको सांस्कृतिक मोर्चामा कृयाशील हुंदै गए । भूमिगत रूपबाट उनले राजनीतिक र साङ्गठनिक गतिविधि सञ्चालन गरि रहे । भविष्य प्रतिको आशावादिता, सिद्धान्त प्रतिको निष्ठा र जनता प्रतिको विश्वासले उनमा गर्विलो यात्रा निरन्तर अघि बढाइरहने ऊर्जा प्रदान गरिरऱ्यो ।

२०२० सालदेखिको वैचारिक साङ्गठनिक यात्रामा जेबी टुहुरेको जीवन अहिलेको नेकपा एमालेको धारसँग सम्बद्ध भएर करिब आधा शताब्दी चलिरऱ्यो । यस बिचमा उनले अनेकौ हन्डर ठक्कर खानु पऱ्यो । कैयौं पटक प्रशासनको दमन झेल्नु पऱ्यो । जेल नेलको यातना सहनु पऱ्यो । सबै प्रकारका अवरोध पन्छाउँदै उनले जनसांकृतिक आन्दोलनको नेतृत्व गरिरहे र जनताका गीत गाइरहे । समाज परिवर्तनको महा अभियानमा उनी निष्ठापूर्वक डटिरहे । यस्तो बाटामा हिंड्न त्यति सहज थिएन । काँडै काँडाको बाटोमा हिंड्नु जत्तिकै कष्टकर यात्रा थियो । जीवन निर्वाहका लागि उनले अनेक दुख र समस्या झेल्नु परेको थियो । कहिले उनले तरकारी बेचेर घरखर्च चलाउने प्रयास गर्थे त कहिले कपडा पसल गरेर बाच्ने प्रयास गर्थे । कहिले होटल लज चलाउने कोसिस गर्थे । त्यसो गर्दा पनि सुख थिएन । साथीहरू आउने उधारो खाने बस्ने र पैसा नतिर्ने गर्दा त्यो काम पनि सफल हुन सकेन । यस्ता अनेकौं समस्या झेल्दै झेल्दै चलेको थियो उनको जीवन दशा । एकातिर घर चलाउने समस्या अर्कोतर्फ जनसांस्कृतिक आन्दोलनका समस्या अझै त्यसमाथि जनताका समस्या । समस्यै समस्याका बिचबाट खारिएर इस्पात बनेको थियो उनको जिन्दगी । जनसांस्कृतिक मञ्च हुँदै जनसांस्कृतिक महासङ्घको नेतृत्व गरेर टुहुरे सारा नेपाली कलाकारको अभिभावक बन्न पुगे । २०६६ सालतिर उनले एमालेको वैचारिक धार परिवर्तन गरी नेकपा माओवादीमा आबद्ध भए । त्यसपछि दोस्रो संविधान सभाको सदस्य समेत बनेर नेपालको गणतान्त्रिक संविधान निर्माणको प्रक्रियामा उनले प्रत्यक्ष योगदान दिए ।

बागलुङको सेरोफेरोमा गीत गाउँदै हिंड्दादेखि नै मैले जेबी टुहुरेको नाम सुनेको थिएँ । म काठमाडौं पढ्न आएपछि पैंतीस छत्तीस सालतिर कलेजका कार्यक्रमहरूमा हाम्रो भेटघाट र चिनाजानी भएको थियो । त्यति बेला उहाँ सङ्कल्प परिवारमा आबद्ध हुनुहुन्थ्यो र म वेदना परिवारमा काम गर्थे । क्याम्पसका संयुक्त कार्यक्रमहरूमा हाम्रो आलो पालो गीत गाउने क्रम चल्थ्यो । त्यस पछि कहिले कीर्तिपुर क्याम्पसका अडिटोरियम हलमा त कहिले नाचघरका कार्यक्रममा अनि कहिले राष्ट्रिय सभागृह र प्रज्ञाप्रतिष्ठानका हलहरूमा हाम्रो साङ्गीतिक कार्यक्रमा भेट भइरहने गर्थ्यौ । त्यस यताका वर्षहरूमा हाम्रो हार्दिकता र सामीप्य निरन्तर घनीभूत हुँदै गयो । वि.सं. २०५९ सालको हिउँदमा हामी सँगै हङकङ पुगेका थियौं । फियोनाको आयोजनामा त्यहाँ भव्य सांस्कृतिक कार्यक्रम भएको थियो । यो हाम्रो टाढा समुद्रपारको पहिलो साङ्गीतिक सहयात्रा थियो । त्यस पछि नेपालका विभिन्न सहरमा हामी सँगै सँगै गीत गाउँदै हिंड्दाको अनेकौ सम्झना ताजै छन् ।

जेबी टुहुरे अति नै मिलनसार र शान्त स्वभावका थिए । कसैलाई पनि नबिझाउने सबैसँग विनम्र र प्रेमिल भएर प्रस्तुत हुने उनको चरित्र थियो । गीत जस्तै मीठो बानी बोकेर सर्वत्र प्रस्तुत हुने उनको जीवन शैली थियो । त्यसैले उनी सबैका प्रिय पात्र थिए । आजीवन जनता र देशका गीत गाएर उनले नेपाली जनता र विश्वभरिका श्रमजीवी जनतालाई ठुलो गुन लगाएका छन । आमा दिदी बैनी हो कति बस्छौ दासी भै सुखको सधैं प्यासी बनेर, बसाइ हिंड्नेको ताँतीले बस्नेको मन रूवाउँछ लाखौंका लागि उजाड छ यो देश मुठीभरलाई त स्वर्ग छ, छोराहरू हो छोरीहरू हो..., मृत्यु पनि मान्छे पिच्छे फरक हुंदो रहेछ, लगायत सयौं गीतहरु जनगायक जेबी टुहुरेले नेपाली जनालाई छाडेर गएका छन् । उनको एकल साङ्गीतिक कार्यक्रम प्रज्ञा प्रतिष्ठानको प्रेक्षालयमा सम्पन्न भएको थियो । भावी दिनहरूका लागि पनि उनका थुप्रै कार्यक्रम तय भएका थिए । तर ती सबै कार्यक्रम अब सदा सदाका लागि स्थगित भएका छन् । २०७८ साल भदौ १० गते काठमाडौंको बल्खु स्थित वयोधा अस्पतालमा जेबी टुहुरेको निधन भयो । जेबी टुहुरेको निधनले नेपाली साङ्गीतिक धरातलमा पुर्नै नसकिने ठुलो खाडल परेको छ । नेपाली सांस्कृतिक आकाशमा जेबी टुहुरे (जुठबहादुर खड्की) स्वर्णिम नक्षत्र बनेर चम्किरहने छन् । अलविदा जेबी दाइ !

# 'लालीगुराँस' गीतको समीक्षा, दोस्रो सम्बोधन अनु शर्मालाई



- नारायण शर्मा

प्रिय अनु, खुसी लाग्यो - हामीले अपेक्षा गरेको मार्गतर्फ नै तिम्रा साङ्गीतिक पाइलाहरु अघि बढेको देख्दा । वर्ष दिन अघि जनगायक जीवन शर्माको युटुव च्यानलबाट तिम्रो सुमधुर स्वरमा 'सागर भेट्न जाँदैछ नदी' गीत सुनेपछि तिमीलाई नै सम्बोधन गरेर केही पंक्ति कोरेको थिएँ । अहिले तिम्रो आफ्नै युटुव च्यानलबाट स्टुडियोमा रिकर्ड गरिएको तिम्रो स्वरको पहिलो गीत "लालीगुराँस" आएको रहेछ । वरिष्ठ जनगायिका निलिमा पुनको शब्द र सङ्गीत, आशीष अविरलको सङ्गीत संयोजन, मनोज परियारको मिक्सिङ र तुलसी बास्कोटाको सम्पादनमा आएको सो गीत सुनिसकेपछि तिमीलाई नै सम्बोधन गरेर फेरि यी पंक्तिहरु कोर्न मन लाग्यो । अनु, सुरू मै एक राष्ट्रिय भावको गीत स्वराङ्कन गरेर तिमीले जनपक्षीय साङ्गीतिक यात्रातर्फ नै आफ्ना पाइलाहरु अघि बढेको प्रस्ट सङ्केत दिएकी छौ । यो जनसङ्गीतप्रति अभिरूचि राख्ने हामी सबैका लागि हर्षको विषय बनेको छ । सुरू मै जुन गीत तिमीले छनौट गरेकी छौं त्यस गीतका शब्दहरु जति सरल देखिन्छन्, त्यसभित्रको भाव निकै ओभ्फिला छन् । राष्ट्र प्रेमको गम्भीर भाव बोकेका छन् ती शब्दहरूले -



***सँगसँगै हुर्कियौ हामीसँग सँगै रहौला***
***नेपालीकै सन्तान हामी नेपाली भै बाँचौला***
***लालीगुराँस फुल्यो बनैमा, सुनखरी फुल्यो पाखैमा***
***गीत गाउँ सँगै बसेर, स्वर मिलाऔं मिठो भाकैमा...***
***अनु शर्मा***

प्रिय अनु, देश तिमी हामी सबैको साभ्फा घर हो । हामी त्यही घर भित्रका पारिवारिक सदस्य हौं । यो देश नेपाल जोगिन सक्यो भने मात्र तिमी हामी सबै नेपाली भएर बाँच्न पाउने छौं । त्यसैले देशको हितलाई हामी सबैले सधैं उच्च प्राथमिकतामा राख्नुपर्दछ । नेपाल देश नामको यो हाम्रो साभ्फा घर निर्माणमा हाम्रा पुर्खाहरूले धेरै रगत र पसिना बगाएका छन् । वीर पुर्खाहरूको त्यो गौरव पुर्ण इतिहासलाई हामीले कहिल्यै बिर्सनु

हुँदैन । स(साना बाबु नानीहरु जो विभिन्न गाउँ ठाउँबाट एकै पाठशालामा पढ्दै हुर्कने गर्छन् । समय क्रमसँगै उमेर बढ्दै जाँदा उच्च शिक्षा, जागिर या व्यवसायको सिलसिलामा उनीहरु देश विदेशका विभिन्न ठाउँमा छरिनु पर्छ । तर जो जहाँ पुगे पनि आखिर मन सबैको नेपाली नै भइरहनुपर्दछ । आफ्नो मातृ भूमिलाई बिर्सने गल्ती हामी कसैले पनि गर्नु हुँदैन । देशको माटो र स्वाधीनतालाई सधैं आफ्नो हृदयमा सजाइरहनुपर्दछ ।

जब देशमाथि सङ्कट आइ लाग्छ, त्यस्तो बेला हामी नेपाली नेपाली हातेमालो गर्दै अगाडि बढ्नु पर्छ । चाहे त्यो प्राकृतिक विपत्ति होस या राजनैतिक विपत्ति नै किन नहोस् हरेक खालका अप्ठेराहरूमा हामी एकता बद्ध भएर अगाडि बढ्नु पर्छ । तिमीले पनि देख्यौ नि




अनु(२०७२ सालको वैशाखमा नेपालमा महा विनाशकारी भूकम्प आयो । जनधनको ठुलो क्षति भयो । खेत, बारी र खुल्ला चौरमा पाल टाँगेर बस्नु पर्ने स्थिति सिर्जना भयो । मानवीय सङ्कटको त्यो घडीमा विश्वका अन्य देशमा रोजगारीका सिलसिलामा पुगेका नेपालीहरूले समेत हृदय खोलेर सहयोग गरे । भूकम्पले दिएको आलो घाऊ नेपाली जनमनमा चहराइरहेका बेला हाम्रो दक्षिणी छिमेकी भारतले नेपालमाथि नाकाबन्दी लगायो । त्यो अमानवीय नाकाबन्दीका बेलामा पनि नेपालीहरूका बिचमा अभूतपूर्व एकता देखियो । नेपालीहरु बरू भोकै बस्न तयार भयौं तर त्यो अमानवीय नाकाबन्दी सामु झुकेनौं । रोजगारीका सिलसिलामा विभिन्न देशहरूमा पुगेका नेपालीहरूले समेत त्यो अमानवीय नाकाबन्दीका विरूद्धमा बुलन्द आवाज उठाए । नेपाली मनहरु जो जहाँ भए पनि एक देखिए त्यो बेला । त्यस्तै दरिलो एकता २०६२र६३ सालको जनआन्दोलनमा पनि देखिएको थियो । निरङ्कुश राजतन्त्रका विरूद्धमा नेपाली जनता जनसागर बनेर सडकमा उर्लिए । त्यही जनभेलले २४० वर्षदेखि नेपाली जनतालाई रैती बनाइरहेको राजतन्त्रलाई सदा सदाका लागि नेपाली धर्तीबाट बिदा गरिदियो । देशमा गणतन्त्र आयो । सबै नेपालीहरु एकताबद्ध भएर अगाडि बढ्दा नै त्यो काम सम्भव भएको थियो । त्यसैले हामी सारा नेपालीहरु हरेक सङ्कटका बेला एकताबद्ध भएर मुकाबिला गर्नुपर्छ ।

अनु, तिमीले गाएको यो गीतले देशका कर्णधार, पाठशालाका ती ससाना नानीहरूमा त्यही चेतना र सन्देश प्रवाह गर्न खोजेको छ १ आफ्नो देश, देशको संस्कृति, गौरवपुर्ण इतिहास र देशको स्वाधीनतालाई सधैं उच्च प्राथमिकतामा राख्नु पर्ने सन्देश प्रवाह गरेको छ यस गीतले

***पूर्वदेखि पश्चिमसम्म एउटै आँगन मानौला***
***मारुनी र सोरठीमा ताल मिलाई नाचौंला***
***लालीगुराँस फुल्यो बनैमा''***
***रगत र पसिनाले देशकै माटो भिजाउला***
***स्वाभिमानी शिर हाम्रो सधैं उच्चो राखौंला***
***लालीगुराँस फुल्यो बनैमा''।***

हो अनु, हामीले आफ्नो रगत र पसिनाले आफ्नै देशको माटो सिङ्गार्नु पर्छ । यही माटोलाई उर्बर बनाउनु पर्छ । तर विडम्बना, नेपालीको रगत पसिनाबाट संसारका धेरै देश सिङ्गारिएका छन् भने आफ्नै देश नेपाल उराठिलो र उजाडिएको भूमि बन्दै गइरहेको छ । देशको शासन सत्ताको साँचो हातमा लिएर बसेकाहरूले ठिक नीति लिन नसक्दा देशको श्रमशक्ति दिन प्रतिदिन विदेशतिर पलायन भइरहेको छ । देशभित्रै रोजगारीको अवसर पाउने हो भने कोही पनि नेपाली विदेशी भूमिमा रगत पसिना बनाउन जाने थिएनन् । प्रकृतिले नै उपहार दिएका अथाह सम्पदाहरु छन् हाम्रो देशमा । तर त्यसको उचित संरक्षण, सम्बर्द्धन र देशहितमा तिनलाई उपयोग गर्ने काम हुन सकिरहेको छैन ।

विभिन्न जातजाति, भाषा भाषी र संस्कृतिको लोभलाग्दो संयोजन छ हाम्रो देशमा । हिमालदेखि तराईसम्म, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म जो जहाँ रहेता पनि आखिर ती सबै हामी, एउटै नेपाल आमाका सन्तान हौं । ती प्रत्येक भागका संस्कृतिहरु हामी सबैका साझा संस्कृति हुन् । ती सबै संस्कृतिहरूको हामीले संरक्षण र सम्बर्द्धन गर्नुपर्छ । हो, समय कालसँगै हामीले आफ्ना संस्कृतिलाई



पनि परिमार्जन र परिस्कृत गर्दै लैजानुपर्छ । हाम्रो धर्म संस्कृतिभित्र रहेका रूढिगत मान्यता, गलत र अवैज्ञानिक प्रवृत्तिहरूलाई हामीले त्याग्नै पर्दछ । तर रूढिगत, गलत र अवैज्ञानिक मान्यताहरूलाई त्याग्ने नाममा आफ्नो संस्कृतिलाई नै तिलाञ्जलि दिने गल्ती हामीले कहिल्यै पनि गर्नु हुंदैन । आफ्नो संस्कृतिलाई हामीले कहिल्यै बिर्सनु हुंदैन । देशको स्वाभिमानलाई हामीले कहिल्यै झुक्न दिनु हुंदैन । देशका शासकहरूले के गरिरहेका छन् ? कस्ता नियम कानुनहरु बनाइरहेका छन् ? यो कुराको हेक्का हामीले सधै राखिरहनु पर्छ । त्यसप्रति हामीले सधैं चासो राख्नुपर्दछ । शासकहरूले बाटो बिराउन लागेका बेला, देश र जनताप्रति घात गर्न लागेका बेला हामीले खबरदारी गर्नुपर्दछ । त्यही नै एक सचेत नागरिकको कर्तव्य हो । एक सचेत नागरिकको आफ्नो देश प्रतिको कर्तव्य हामीले कहिल्यै पनि बिर्सनु हुंदैन । अनु, तिमीले गाएको गीत 'लालीगुराँस'ले त्यही सन्देश दिएको छ ।

प्रिय अनु, गीतका शब्दहरूले जुनप्रकारको उच्च राष्ट्रप्रेमको भाव बोकेका छन्, त्यसप्रति पूर्ण न्याय गरेर तिमीले स्वर दिएकी छौ । तिम्रो गाउने कला र शैलीबाट गीतकी रचयिता तथा सङ्गीतकार वरिष्ठ जनगायिका निलिमा पुन पूर्ण सन्तुष्ट देखिनु हुन्छ । "गीतको शब्द भावमा अनु शर्माको स्वर एकदमै म्याच गरेको छ । मैले त अनुको स्वरले गीतप्रति पुर्ण न्याय गरेको महसुस गरेकी छु ।" गीतमा तिम्रो स्वरबारे मैले जिज्ञासा राख्दा वरिष्ठ जनगायिका निलिमा पुनले भन्नुभयो (अनुले गीतका शब्द भावलाई महसुस गरेर गाएकी छिन, उनको गायन शैली र कलाबाट म एकदमै खुसी छु ।" अनु, यो गीतको रचना आजभन्दा चार वर्ष पहिले गर्नु भएको रहेछ उहाँले । विभिन्न पाठशालाहरूमाससाना नानी बाबुहरूलाई गीत र सङ्गीत सिकाउंदै गर्दा उनीहरूको जमघट देखेर सिर्जित भएको रहेछ यो गीत । "आज भन्दा त्यस्तै चार पाँच वर्ष अगाडि विभिन्न स्कुलहरूमा बच्चाहरूलाई गीत सङ्गीत सिकाउने सिलसिलामा यो गीतका शब्दहरु कोरेकी थिए ।" गीतको रचनाकाल र पृष्ठभूमिबारे जनगायिका निलिमा पुनले भन्नु भयो(स(साना बालबालिकाहरूमा राष्ट्रप्रेमको भाव जगाउनकै निम्ति लेखिएको थियो यो गीत ।"

प्रिय अनु, अब त तिमी नि ठूली भइसकेकी छौं, सायद तिमीले पनि अब बुझिसकेको छौं - साङ्गीतिक फाँट कठिन साधना गर्नुपर्ने क्षेत्र हो । गाउने नाँच्ने रहर प्रायः सबैलाई हुन्छ । तर रहरले मात्र यो क्षेत्रमा टिक्न सकिंदैन । आफ्नो कला र गलामा निखारपन ल्याउन निरन्तर साधना गरिरहनुपर्दछ । विगत वर्षमा तिमीले जनगायक जीवन शर्माको चर्चित गीत "सागर भेट्न जाँदैछ नदी" गाएर नै सिद्ध गरेकी थियौं( निरन्तरको साधनाबाट

नै तिमी साङ्गीतिक क्षेत्रमा अगाडि बढेकी छौं । अहिले "लालीगुराँस"सम्म आइपुग्दा तिम्रो स्वरमा झनै निखारपन र मिठास आएको छ । गीत सङ्गीत प्रतिको आफ्नो साधना र अभ्यासलाई यसैगरी निरन्तरता दिँदै गयौ भने एक दिन तिमी साङ्गीतिक क्षेत्रकी चम्किलो तारा बन्न सक्नेछौं, अनु !

प्रिय अनु, तिमीले देशप्रेम र जनपक्षीय गीत सङ्गीतको जुन क्षेत्रमा पाइला अगाडि बढाएकी छौं(यो झनै कठिन सङ्घर्ष गर्नुपर्ने फाँट हो । यो क्षेत्रमा लाएका मूर्धन्य व्यक्तिहरु कालान्तरमा हराएको, थाकेको, बाटो बदलेको प्रशस्त उदाहरणहरु भेटिन्छन् इतिहासमा । यस्ता गीतहरूबाट नगद आर्थिक मुनाफा आर्जन हुन सक्दैन । दरिलो आत्मबल, सिद्धान्त प्रतिको उच्च निष्ठा र निरन्तरको सङ्घर्ष विना यो क्षेत्रमा टिकिरहन सकिंदैन । अगाडिको बाटो निकै कठिन छ - तर यही बाटो नै सर्वोत्तम आनन्दको बाटो हो अनु १ देशको हितमा, दुःखी गरिब जनताको हितमा सन्देश मूलक र चेतना मूलक गीतहरु गाउँदा त्यसले जनतामा जुन जागरण ल्याउँछ, जुन हर्षभाव प्रकट हुन्छ - दुखी जनहरूको मुहारमा, त्यही नै यस्ता जनपक्षीय गीतहरूको सफलता हो । समाजमा कस्ता भावका गीत बिक्छन् ? कस्ता गीतहरु गाउँदा आर्थिक उपार्जन प्रशस्तै हुन सक्छ ? भन्ने आधारमा होइन, कुन गीतहरूले दुःखी गरिब जनतामा चेतना जगाउन सक्छन्, कुन गीतहरूले गरिब जनताका आँसु पुछ्न सिकाउँछन् ? अन्याय, अत्याचार र विभेद हटाउन कुन गीतले अभिप्रेरित गर्छ ? हामीले गीतहरु छनौट गर्दा त्यसैका आधारमा गर्नुपर्छ ।

अनु, पहिले भन्दा हाम्रो समाजको चेतनास्तर अहिले धेरैमाथि उठेको छ । तर अझ पनि हाम्रो समाज पूर्ण सचेत बनिसकेको छैन । अहिले पनि हाम्रो समाजलाई अवैज्ञानिक रूढीगत मान्यता र विचारले जकडिरहेको छ । जातीय विभेद, छुवाछूत जस्तो कुप्रथा, महिलालाई दासी ठान्ने सामन्ती सोंच अहिले पनि हाम्रो समाजमा जीवित छ । बोक्सीको आरोपमा मलमुत्र खुवाइएका, जातीय विभेद र छुवाछूतका कहाली लाग्दा घटनाहरु अहिले पनि हाम्रो समाजमा दिनप्रतिदिन घटीनै रहेका छन् । अहिले पनि छाउपडी प्रथाकै कारण कैयौं चेलीहरूले अकालमा ज्यान गुमाउनु परिरहेको छ । त्यस्ता कुप्रथा, कुरीति र रूढीगत मान्यताहरु जीवित रहेसम्म हामीले एक सभ्य र समुन्नत समाज निर्माण गर्न सक्दैनौं । युगौंदेखि समाजमा जरा गाडेर बसेका त्यस्ता सोंच र कुरीतिहरूलाई बदल्ने काम त्यति सजिलो छैन अनु १ तर नबदलिकन हामीले सुखी, सम्पन्न र समता मूलक समाज बनाउन सक्दैनौं । हामीले गाउने गीतहरूले समाजमा विद्यमान असमानता, अन्याय, विभेद र रूढीगत मान्यताहरु बदल्न मानिसलाई अभिप्रेरित गर्नुपर्दछ । त्यही नै जनपक्षीय गीत सङ्गीतको विशेषता हो । आगामी दिनमा पनि गीत गाउँदा जनपक्षीय र राष्ट्रप्रेमको भाव बोकेका त्यस्तै गीतहरु छनौट गर्दै जानु, वास्तविक खुसी तिमीले त्यही भेटाउने छौं अनु !

प्रिय अनु, तिमीले सुमधुर स्वरमा गाएको "लालीगुराँस" गीतलाई धेरै दर्शक स्रोताले मन पराएका छन् । तिम्रो आफ्नै युटुव च्यानलबाट त्यो गीत २६ असार २०७८ मा सार्वजनिक भएको थियो । दुई हप्ताकै यो अवधिमा तिम्रो मिठो स्वर र गीतको प्रशंसा गरेर सयौं प्रतिक्रियाहरु आएका छन् । प्रतिक्रिया दिने प्रायः सबैले तिम्रो साङ्गीतिक यात्रा सफलताको कामना गरेका छन् । अनु, ती प्रतिक्रियामा आएका सबै सल्लाह, सुझाव र अपेक्षाहरूलाई हरदम मनमा सजाई राख्नु । प्रशंसामा फुरुङ्ग परेर मात्तिने र आलोचना आउँदा आत्तिने कहिल्यै नगर्नु । आलोचनाहरूबाट पनि पाठ सिक्नु । मान्छेले गल्तीबाट नै पाठ सिक्ने हो । त्यसैले आलोचना आयो भन्दैमा नआत्तिनू ।

थाहा छ अनु (तिमीले गाएको "लालीगुराँस" गीत कस्तो लाग्यो भनेर मैले प्रगतिशील सांस्कृतिक आन्दोलनका धरोहर जनगायक जीवन शर्मालाई पनि सोधेको थिएँ । उहाँलाई पनि तिम्रो यो गीत निकै मन परेको रहेछ । "गीतको भाव र स्वर दुवै राम्रो छ ।" जनगायक जीवन शर्माले भन्नु भयो - "राष्ट्रप्रेमको जनपक्षीय भाव बोकेका यस्ता गीतहरु एक दुई वटा भन्दा पनि त्यसलाई निरन्तरता दिने मुख्य कुरा हो । हामीले आशा गरौं अनुले आगामी दिनमा पनि यस्तै जनपक्षीय र राष्ट्रप्रेमको भाव बोकेका गीतहरूलाई निरन्तरता दिने छिन् ।" यस्तै आशा हाम्रो पनि छ अनु ! हाम्रो त्यो आशालाई तिमीले सदा जीवित राख्न मद्दत गर्ने छौं भन्नेमा म विश्वस्त छु । हामी मात्र होइन, सायद जनपक्षीय गीत सङ्गीतका हरेक पारखीहरूले तिमीबाट त्यही अपेक्षा राखेका छन् । त्यो आशालाई कहिल्यै मर्न नदिनु । यो गीतको मात्र होइन समग्र तिम्रो जनसङ्गीत यात्रा सफलताको कामना प्रिय नानु अनु !

# ढोरपाटन नगरपालिकाको सूचना

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्रै सम्बन्धित वडा कार्यालयमा गई अनिवार्य रूपमा निःशुल्क दर्ता गराऔँ । हरेक नागरिक जिम्मेवार बनौं ।

**देवकुमार नेपाली**
मेयर

**करमती मगर**
उपमेयर

*तथा*

## ढोरपाटन नगरपालिका परिवार

ढोरपाटन कार्यपालिकाको कार्यालय
बागलुङ

विचार

# सौन्दर्यशास्त्रका फरकफरक आयाम



- डिल्ली अम्माई

पूर्वीय दर्शनमा व्याख्या भए अनुसार “सत्यम् शिवम् सुन्दरम्” ले विज्ञान, खोज, सृष्टि कलाको साथै आत्मगत, तथ्यगत र रागगत सुन्दर भावलाई बुझाउँछ । अर्को अर्थमा सत्य प्रामाणिक ज्ञान, शिव सामाजिक न्याय र सुन्दर सृष्टि त्यागको मोहक कलाभाव भनेर अर्थ्याउन पनि सकिन्छ । पूर्वीय दर्शनमा सौन्दर्यलाई व्यापक रूपले चिरफार र व्याख्या गरिएको छ ।

पश्चिमा मान्यतानुसार सौन्दर्यशास्त्र संवेदनात्मक-भावनात्मक गुणधर्म र मूल्य मान्यताको अध्ययन हो । कला, संस्कृति र प्रकृतिको भावात्मक सुन्दरता नै सौन्दर्यशास्त्र हो । सौन्दर्यशास्त्र दर्शनशास्त्रको त्यस्तो एक अङ्ग हो, जसले दर्शनलाई मार्मिक (स्वादिलो) बनाउँछ ।

कुनै सुन्दर वस्तुलाई देखेर हाम्रो मनमा जुन आनन्दानुभूति हुन्छ, त्यो त्यसको सौन्दर्य हो । सौन्दर्यको स्वभाव र स्वरूपको विवेचना जीवनको विविध अनुभूतिसँग समन्वय स्थापित गर्दै कलासँग जोडेर मात्र गर्न सकिन्छ ।

सौन्दर्यशास्त्र दर्शनको एक शाखा भएकाले कला, साहित्य र सुन्दरताबाट अनुबन्धित प्रश्नसँग जोडेर यसको विवेचना गरिएको पाइन्छ ।

ज्ञानको सीमाभन्दा बाहिर भिन्न इन्द्रियबोधद्वारा प्राप्त हुने मनोरमका लागि युनानी भाषामा “एस्तेतिको” शब्द राखिएको छ, जसबाट अङ्ग्रेजीमा “एस्थेटिक्स” को व्युत्पत्ति भएको मानिन्छ । प्रकृति, कला र साहित्यसँग सम्बन्धित भएर क्लासिकल सौन्दर्यशास्त्रीय दृष्टिकोण विकसित हुँदै आएको हो ।



सौन्दर्यशास्त्रले साहित्य, कला, समाज विकास र सभ्यताले सृजना गरेका विविध संस्कृतिमा समेत आफ्नो स्थान बनाएको छ । समाज सौन्दर्य सभ्यताको विभत्स अनुभूति नभएर मिठो स्वाद हो, जसलाई महसुस गरेर आनन्द लिइन्छ । साथै त्यही आनन्दतर्फ हाम्रो सजीव गति सदैव प्रेरित भइरहन्छ ।

समाज व्यवस्थाले सृजना गरेका बहुआयामिक स्वादमध्ये विशेष गरी दुई विपरीत प्रकारका प्रतिनिधिमूलक सामाजिक सौन्दर्यलाई अध्ययन गरिँदै आएको पाइन्छ । त्यसमा एउटा सौन्दर्यबोध समाज विकासको सामाजिक पद्धति सर्वोकृष्ट हो भन्ने कुरा अहिलेसम्म बहसकै विषय बनेको छ ।

मानिसका स्वार्थअनुरूप ती दुवै जीवन पद्धतिभित्र सुन्दरता देख्ने आफ्ना आफ्नै दृष्टिकोण छन् । त्यसको मुख्य निर्धारक तत्त्व आधुनिक राज्यव्यवस्थाभित्रको राजनैतिक संरचनालाई मानिँदै आएको भए पनि प्रत्यक्ष सम्बन्ध वर्तमान अर्थप्रणाली अर्थात् उत्पादन र वितरण प्रणालीसँग जोडिएको छ ।

आदिमकालको सिकारी मानवले केवल आफ्नो लागि मात्र सोच्न सक्दैनथ्यो, उसले प्राप्त गरेका हरेक कुरा तत्कालीन

आधुनिक शैक्षिक क्षेत्रमा निजी र सामूहिक जीवन सौन्दर्यले ठुलो योगदान दिएका छन् । सामुदायिक र व्यक्तिवादी दुवै सामाजिक दर्शनमा निहित सौन्दर्यबोधको फराकिलो आयाम छ । दुवै प्रकारका सोचको द्वन्द्वमा अभूतपूर्व भविष्यको सौन्दर्यलाई नियाल्न सकिन्छ । त्यसैले विगतको मानव सभ्यताले निर्माण गरेका फरक फरक जीवन पद्धतिमा मानिसले छोड्न नसक्ने सुन्दरताको मोहकता निहित छ भन्दा अत्युक्ति नहोला ।

त्यति हुँदाहुँदै पनि ती दुवै जीवन पद्धति समान गतिमा चिरकालसम्म



पछिल्लो उत्पादन सम्बन्धले सृजना गरेको व्यक्तिगत स्वतन्त्रतासहितको निजी सामाजिक संस्कृति हो भने अर्को प्राकृतिक समतामूलक उत्पादन सम्बन्धसहित समुदायको अधिनमा रहेको प्रकृतिसापेक्ष सामूहिक जीवन मूल्यपद्धति हो, जसलाई मार्क्सवादी सौन्दर्यशास्त्र भनिन्छ । यी दुवैमध्ये कुन

कबिला समूहका हुन्थे । त्यसलाई सबै सदस्यले आवश्यकतानुकूल उपभोग गर्दथे । भनिन्छ, त्यही आदिम मानव समाजको सुन्दरताले नै “सर्वो हिताय” को समतावादी धारणा विकास गरेको हो । कबिला समाजको अत्यन्त सुन्दर पक्ष भनेकै सामूहिक उत्पादन र समान वितरण प्रणालीलाई मान्न सकिन्छ ।

सँगै जान सक्दैनन् । समाजशास्त्रीय मतानुसार अन्त्यमा दुईमध्येको सर्वोकृष्ट एउटा सामाजिक प्रणालीले मानव सभ्यताको नेतृत्व गर्ने छ ।

**सौन्दर्यबोधको आयाम**

सौन्दर्यलाई हेर्ने र बुझ्ने संसारमा फरक फरक दृष्टिकोण छन् । एकथरिले मानव सभ्यतामा प्रयोग भएको सिप

र श्रमलाई मानक मानेर सौन्दर्यलाई हेर्दछन् । ताकत, मिहिनेत, सिपले कला क्षेत्रमा मात्र नभएर मानव सभ्यताले हजारौँ वर्षअघि निर्माण गरेका इजिप्टको पिरामिडमा समेत अनेकन सौन्दर्य भरिदिएको छ । त्यो पिरामिड निर्माण गर्दा बगेको पसिना, सिप, कला र प्रविधिले पौराणिक सभ्यताको एक युगिन सौन्दर्यलाई प्रतिनिधित्व गर्दछ । त्यसैले सौन्दर्यका लागि श्रम सौन्दर्य प्रधान हुँदाहुँदै पनि ज्ञान, प्रविधि, कला र समुदायको एकीकृत अभ्यासले सभ्यताको निर्माणमा कलाको कार्य गर्दछ । यी सबै कुराको जो बलबाट निर्माण भएको सभ्यता नै वास्तवमा सुन्दर समाजभित्र मौलिक पहिचानको रूपमा विकास भएको हुन्छ ।

पौराणिक सभ्यताका सांस्कृतिक विरासतभित्र लुकेको सौन्दर्य भावले र बाँच्नका लागि गरिने अन्तरसङ्घर्षले सामाजिक रूपान्तरणका लागि प्रेरणा पैदा गर्दछ । त्यो जागरणमा मानिसले एक प्रकारको नयाँ आशाको सुन्दर तस्विर देख्छ र नयाँ आशाको छवि समाज विकासको नयाँ आयाममा प्रवेश गर्दछ ।

मानिस या समुदायलाई भविष्यप्रति आशावादी बनाउने प्रमुख आकर्षक तत्त्व विपरितबिचको प्रतिष्पर्धासँग अन्तर्निहित सौन्दर्यबोध हो ।

मानौँ, समान अवस्थामा कुनै एक स्त्री कसैका लागि अत्यन्त सुन्दर र कसैका लागि सामान्य लाग्न सक्छ । कसैले उनीभित्र भएको श्रम, सिप र ज्ञानलाई बढी सुन्दर देख्छ, बाहिरी आवरणले उसलाई खासै प्रभाव पार्दैन। तर कसैले शारीरिक बनावटलाई महत्त्व दिन्छ । त्यसैले सुन्दरतालाई हेर्ने अन्तर्दृष्टि सामाजिक सङ्घर्षले पैदा गरेको भिन्न भिन्न बुझाइले निर्धारण गर्छ, जसलाई हामी चेतनाको तह पनि भन्न सक्छौँ ।

सामाजिक सौन्दर्यलाई व्यक्तिको कला तथा सौन्दर्यप्रतिको विश्वदृष्टिकोणसँग नजोडिकन बुझ्न सकिन्न भनेर सायद त्यसैले भनिएको होला ।

### सौन्दर्यलाई हेर्ने र बुझ्ने कसरी ?

कला र सामाजिक सौन्दर्य समुदायको सामूहिक योग्यताले सृजना गरेको विशिष्ट एकीकृत श्रम शृङ्गार हो । भन्नु नपर्ला, सौन्दर्यको प्रधान पक्ष बाँच्नका लागि प्रकृतिसँग मानिसले गरेको अन्तरसङ्घर्षबाट प्राप्त आनन्ददायक भोजनको उपभोग हो, जसको सम्बन्ध भोकको साथसाथै स्वादसँग पनि हुन्छ । प्रारम्भिक मानव समुदायभित्रको अन्तर्निहित प्रधान सुन्दरता त्यही सामूहिक भोजन हो, जो आवश्यकतानुसार सबैमा वितरण गरिन्थ्यो । आदिम समाजको त्यो सुन्दर गुण नै आधुनिक समाजवादको सैद्धान्तिक भ्रूण पनि हो ।



त्यसपछि मानिसले आफ्नो समुदायको सुरक्षाका लागि प्रयोग गरेको ज्ञान, सिपको संयोजन, आफ्नो इलाकाभित्रको अन्तरनिर्भरताको समाधानका फरक फरक अभ्यास पनि आदिम सुन्दर कलाभित्र पर्लान् । समाज विकासको गतिमा भएको विनिमय कलाको विकास, निजी सम्पतिको अभ्युदयसँगै सृजित मानिसको आर्थिक तहगत संरचना, वर्गविद्रोह र सामाजिक रूपान्तरणले मानिसको भविष्यलाई अझ रोचक र सुन्दर बनाउँदै लागिरहेको छ । यो क्रम मानव सभ्यता रहेसम्म निरन्तर अगाडि गइरहने कुरामा कसैले शङ्का गर्नु आवश्यक छैन ।

मानव सोच र सभ्यताका फरक फरक आयामबिच हुने सङ्घर्षले समुदायको सुन्दरतालाई क्रमश: भत्काउँदै लागेको कुरा हामीले महसुस गरेका छौँ । यसो हुनुको पनि कारण छ । त्यो कारण हो- मानिसभित्र हुने मनोवैज्ञानिक कारण अर्थात् विपरीतबिच हुने सङ्घर्ष ।

नयाँ सामाजिक सुन्दरता चुलिने भनेकै पुरानो सोच, सामाजिक सम्बन्धको समाप्तिपछि हो । हाम्रो छोटो आयुको कारण सामाजिक परिवर्तनका गुणात्मक भिन्नता त्यति देख्न पाउदैनौँ । तसर्थ कहिलेकाहिँ त्यस्तो पनि हुन्छ र भनेजस्तो लाग्छ ।

हरेक युगमा मानव चेतनाले छलाङ लगाउँछ । विज्ञान र प्रविधिको विकासले हामीले अनुमान गर्न नसक्ने गरी फड्को मार्छ । परिवर्तनका चालक समुदायको चेतनासँग सदैव जीवित रहन्छन्, जसलाई भविष्यको अझै सुन्दर प्रतिक्षाले सामाजिक सङ्घर्षबाट अलग हुन दिँदैन ।

समाज रूपान्तरणको प्रमुख कारक नै खोज र उन्नत समाजको आशामुखी प्रतिक्षा हो । अगाडि नै भनिसकियो, संसारमा समुदायको हितलाई प्रधान मान्ने एउटा सोच छ । त्यो सोच अलिखित भए पनि आधुनिक मानव सभ्यताका प्रथम कबिला समुदायको सोच हो । आदिम सिकारी समुदाय, जसले आफ्नो समूहको हितमा आफ्नो हितलाई समाहित गरेको थियो । समूहवादी चिन्तन कबिला समाजको सबैभन्दा सुन्दर ऐतिहासिक विरासत हो । समाजशास्त्रीहरूले हाम्रा आदिम पुर्खाको त्यही सामूहिक जीवन पद्धतिलाई आदिम समतामूलक समाज भनेर नामकरण गरेका छन् ।

मानिसको प्रकृतिसँग हुने अन्तरसङ्घर्ष र अन्तरनिर्भरताले एक युग पार गरेपछि मानिस सुरक्षा, भोजनलगायत



धेरै कारणले सामूहिक जीवन पद्धतिमा रहन सकेन । आफ्नो समूहको विस्तारले गर्दा प्रकृतिप्रदत्त भोजन मात्र उनीहरूका लागि पर्याप्त भएन । क्रमशः समुदायले खेती गर्ने सिपको विकास गर्‍यो । त्यसका लागि आफ्नो श्रमक्षेत्र विभाजन भयो । सामूहिक यौनजीवनको सौन्दर्य भत्कियो र व्यक्तिवादी जीवन सौन्दर्यको सुरुवात भयो । मानव समुदायका स्थायी बसोबासबाट सृजित संरचनाले राज्यको प्रादुर्भाव गरायो । त्यसको सञ्चालन गर्न नेतृत्व आवश्यक भयो र आदिम सामन्तहरू राजा बने । दासयुग र दासमालिकबिचको विद्रोहले र पछिल्लो सामन्तवादलाई उदार पुँजीवादी क्रान्तिले विस्थापित गर्दै गयो ।

जब समाज व्यवस्थाभित्रको सुन्दरतालाई कुरूपताले परास्त गर्दै जान्छ, अनि समाज विकासले आफ्नो पुरानो रूप बदल्छ । सभ्यतामा विपरीतबिचको द्वन्द्व, सामाजिक एकता प्रक्रियागत रूपमा अन्तर्निहित हुन्छ र त्यो द्वन्द्वको सुन्दरता भनेको पुरानो समाज व्यवस्थाको रूपान्तरण हो । मानव सभ्यतामा पनि विज्ञानमा झैँ गतिको नियम हाबी हुन्छ ।

मानव इतिहासका यी सबै मानव सङ्घर्षलाई गहनतामा हेर्ने हो भने त्योभित्र अनेकौँ प्रकारले सौन्दर्यबोध गर्न सकिन्छ । आफ्नो इलाकाको सुरक्षाका लागि गरिएको त्याग, उत्पादन वृद्धि र उत्पादन सम्बन्धको लागि गरिएको ज्ञान, सिप र श्रम तथा मानिसको सामूहिक हितका लागि बनाइएको नियामक संरचनाभित्र अभूतपुर्व रूपमा सामाजिक सुन्दरताको अनुभूति गर्न सकिन्छ ।

साहित्यको सुन्दरता भाष्य रसानुभूति हो । दर्शनमा आशानुभूति, समाजशास्त्रमा सुखानुभूति र कलामा दिव्यानुभूतिलाई सुन्दरता मान्न सकिन्छ । सामुदायिक अनुभूतिमा पुरानो सुन्दरताले लोभ्याउन छाड्यो भने मानिसले त्यो सुन्दरताको विकल्प खोज्छ । उसले नयाँ सुन्दर समाजको परिकल्पना गर्न थाल्दछ । मानव सभ्यतामा व्यक्तिको यही रुचिगत प्रवृत्तिले प्रभाव जमाइरहेको हुन्छ । हो, त्यही मोहक लोभ, अपनत्वको अनुभूति वा आशालाई हामीले दर्शनशास्त्रमा सौन्दर्यको आँखाबाट मात्र देख्न सक्छौँ; महसुस गर्न सक्छौँ र बताउन सक्छौँ ।

सुन्दरताका पारखीलाई एउटा के कुरा भन्नैपर्ने हुन्छ भने मानिसले मानव सभ्यता, दर्शन र सामाजिक व्यवहारलाई हेर्ने दृष्टिकोणबाट नै उसको सुन्दरताप्रतिको भाव नि:सृत हुन्छ । त्यसलाई सौन्दर्यशास्त्रमा सामाजिक मूल्यप्रतिको रुझान भनिन्छ ।

मानौँ, मेरा लागि प्रकृति र वातावरण प्रधान रुचिको विषय हुन सक्छ, तर अर्कोको लागि पुँजीवादले निम्त्याएका उत्पादन सम्बन्ध र प्रकृति दोहनले निम्त्याउँदै गरेको भवितव्यभन्दा पुँजीवादी उपलब्धिले ल्याएको सुन्दरता महान् लाग्न सक्छ । सामाजिक सुन्दरताको पनि रूपान्तरण हुन्छ । त्यो सामाजिक रूपान्तरण वर्तमान सामाजिक सुन्दरताभन्दा अझ बढी चेतनायुक्त, मानवतावादी र समान न्याय सुन्दरताको आलोकमा मात्र सम्भव छ । त्यसैले भनिएको होला, यी सबै कुराको निर्धारण मानव चेतनाको स्तरले गर्ने हो ।

समाजको परम्परागत मौलिक चरित्रको रक्षा र रूढीवादी नैतिक मूल्यको संरक्षणमा जोड दिने एउटा दार्शनिक विश्वदृष्टिकोण छ, जसलाई सम्वर्द्धनवाद वा परम्परावाद पनि भनिन्छ । त्यो विचारधाराले विगतको कन्जरभेटिज्ममा आनन्द, शान्ति र स्वाभिमानयुक्त मौलिकताभित्र सुन्दरता देखिरहेको हुन्छ । त्यो पक्ष गतिको नियमले ल्याउने आँधीबेहरी (क्रान्ति) र परिवर्तनपछि हुने रूपान्तरणमा विगतको सामाजिक सुन्दरता सम्झेर रुवाबासी गर्छ । उसको सामाजिक परिवर्तनलाई आत्मसात गर्ने वैज्ञानिक सोच धिमा हुँदा परिवर्तनको स्वाभाविक चाल बुझ्दैन ।

गतिको नियम बुझ्न नसक्ने समस्या उसको हेर्ने दृष्टिकोण वा सोचको हो । ऊ आफै मात्र सामाजिक रूपान्तरणमा कुचालक र सुचालक हुन सक्दैन; किनकी, सामाजिक परिवर्तन त त्यो समाजभित्रका सुन्दर पक्षको ह्रास भएपछि हुने अन्तरसङ्घर्षको कारणले हुने हो । त्यसको विपरीत अर्को रूपान्तरणभित्र सुन्दरता देख्ने वैचारिक धार पनि छ, जसले विगतको सामाजिक मूल्यको बिछोडमा रुवाबासी गर्दैन । उसले भविष्यमा हुने सुन्दर परिवर्तनलाई महसुस मात्र गर्दैन, आत्मसात पनि गर्छ; प्रगतिशील रूपान्तरणको लागि सचेत सङ्घर्ष गर्छ र मात्रात्मक परिवर्तनपछि हुने रूपान्तरण गुणलाई स्विकार्छ । युग परिवर्तनको सिलसिलामा हुने सामाजिक हलचल, सांस्कृतिक हलचललाई गतिको नियमानुसार स्वाभाविक मान्छ ।

थोमस हब्सका अनुसार चिन्तनमा आधारित परम्परागत सामाजिक मूल्यभित्रको सुन्दरता र विपरीत वर्गबिचको अन्तरसङ्घर्षबाट सृजित सामाजिक क्रान्तिभित्रको सुन्दरता फरक फरक भावमा महसुस गरिने सन्तुष्टि हुन् । यी भिन्न सोचले निर्माण गरेका सुन्दरताभित्रका कुरूपताको अर्को आयाम पनि छ । त्यही कुरूपताको आयामले युगिन क्रान्तिका क्रममा निर्माण भएको सुन्दरताको मोहकता बदलिरहन्छ ।

# काठेखोला गाउँपालिकाको अनुरोध

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाईं सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**अम्मरबहादुर थापा**
अध्यक्ष

**अर्जुनबहादुर खत्री**
उपाध्यक्ष

*तथा*

# काठेखेला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बागलुङ

# खगेन्द्र सङ्ग्रौलाको 'नलेखिएको इतिहास'



- रामबहादुर बुढा

**(क)**

खगेन्द्र सङ्ग्रौलालाई सबैभन्दा पहिले मैले प्युठानको ओखरकोट मा.वि. मा पढ्ने बेला २०४८ बाट नै विभिन्न पत्रिकामार्फत चिन्न थालेको हुँ । पृष्ठभूमि, जनादेश, महिमा जस्ता पत्रिकाहरूमा सङ्ग्रौलाका लेखहरू प्रकाशित हुन्थे । ओखरकोटको लामासेराको गङ्गा मेडिकलहलमा पृष्ठभूमि प्राय: नियमित जान्थ्यो । पढ्न पाइन्थ्यो । सङ्ग्रौलाका लेखहरू निकै कलात्मक र प्रेरक लाग्थे । पछि कुरा बुझ्दै जाँदा उनी पूर्वी नेपाल पाँचथरमा जन्मिएर दुख्ख गरी पढेर काठमाडौँ आई पढेका अनि तनहुँ तिर आई शिक्षक पेसा अपनाएका रहेछन् । तनहुँमा शिक्षक भएकै बेला उनी निर्मल लामाको सम्पर्कबाट मोहन विक्रम सिंहले नेतृत्व गरेको नेकपाको २०३१ सालको चौथो महाधिवेशन बनारसमा पर्यवेक्षक बनी पुगेका रहेछन् । सङ्ग्रौला एउटै वामपन्थी पार्टीमा रहिरहेनन । उनी सर्वहारा श्रमिक सङ्गठन नजिक पनि रहे । निर्मल लामा, पारिजात आदि सित उनको जीवनभर निकट सम्बध रह्यो । प्रगतिशील लेखक सङ्घको महासचिव समेत भए । पार्टी र गुट राजनीतिले उनलाई अध्यक्ष बन्न दिएन । प्रलेससित उनको निकै अन्तर्विरोध पनि रह्यो । तर छुट्टै प्रलेस बनाउन तिर उनी लागेनन् ।

२०५४ सालमा नेकपा (मसाल)ले अखिल नेपाल किसान मार्च सञ्चालन गरेको थियो । खगेन्द्र सङ्ग्रौला किसान मार्चको कार्यक्रममा २०५४ चैत्र १८ गते बागलुङ बजारको सभामा पुगेका थिए । त्यो सभामा यति धेरै जनमानसमा आफ्नो कुरा राख्ने अवसर दिएकोमा आयोजकलाई धन्यवाद भन्दै सङ्ग्रौलाले मन्तव्य राखेका थिए । सभामै सङ्ग्रौलाले चित्र बहादुर केसीको जन लवजको प्रसङ्गसाथ पनि गरेका थिए । विषयतिर केन्द्रित हुँदै सङ्ग्रौलाले भनेका थिए, "नेपालको इतिहासमा किसानहरूले ठुलाठुला सङ्घर्ष गरे ।




बलिदानीपूर्ण सङ्घर्ष गरे । तर पार्टी नेतृत्वको कमजोरीले गर्दा किसान सङ्घर्षले निरन्तरता पाउन सकेन । २००७ मा दिल्लीमा तुहाएर ल्याएको प्रजातन्त्र, २०४६ को प्रजातन्त्र कुनै प्रजातन्त्रले किसान समस्या समाधान गरेन । हामीले चुनेर पठाएका सांसदहरू बिक्रीका भेडा-बाख्रा भएका छन । तस्करको भरिया बनिरहेका छन् । सेतो फेटा गुथेका मात्र हैन, मार्क्सवाद-लेनिनवादको झण्डामुनि बस्ने रातो फेटा गुथ्ने हाम्रो हिजोका साथीहरू पनि डाँका, गुन्डामा परिणत भएका छन् । उनीहरूले ५ र १० महिनामा सरकारमा बस्दा ठुलाठुला बिल्डिङ्हरू बनाएकाछन सिङ्गापुरबाट, मलायबाट झिकाइएका सिङ्गरमरमरबाट । यो आन्दोलनले तिनै बदमासहरूको लुट विरुद्ध चेतना जगाउने काम गरेको छ । किसान मार्चले केवल ७ जिल्लालाई प्रभाव पारेर मात्र हुँदैन । आगामी दिनमा किसान आन्दोलन देशब्यापीरूपमा

अझ उच्च रूपमा उठाउनुपर्दछ ।" बागलुङको कार्यक्रम सकाएर चैत्र १९ गते काठमाण्डु जाने क्रममा पोखरामा खाना खाने व्यवस्था थियो । त्यतिबेला त्यहाँ खगेन्द्र सङ्ग्रौला र मूल्याङ्कन पत्रिकाका फोटो पत्रकार उषा तिवारी पनि सँगै थिए । खै, के बुझ्न मन लाग्यो अनौपचारिक कुराकानीमा उषा र खगेन्द्रले मलाई यो मार्चमा किन हिँड्नु भएको भनेर सोधेका थिए । २०४६ को जनआन्दोलनले केही राजनीतिक परिवर्तन ल्याए पनि जनताको समस्यामा आधारभूत परिवर्तन आएको छैन । त्यसका लागि किसान नै जाग्नुपर्दछ (मैले भनेको थिए । किसान मार्चले किसानलाई कसरी जागृत गर्यो तरु प्रश्न थपेका थिए । तेति बेला सङ्ग्रौलालाई मैले तपाईंको कथा तमोर नदीको किनारै किनार पढेको छु भनी सुनाएको थिए । उनी खुसी भएका थिए । तर बोलेनन् ।

लेखेर र अनुवाद गरेर नेपालको कम्युनिस्ट आन्दोलनमा खगेन्द्र सङ्ग्रौलाको ठुलो योगदान छ । जस्तो कि माओको सङ्कलित रचना भाग १, कृष्णदास श्रेष्ठले उल्था गरे बाहेक भाग २, ३, ४, ५ सबै सङ्ग्रौलाले नै नेपालीमा उल्था गरेका हुन् । चिनियाँ लेखक याङमोको उपन्यास "युवाहरूको गीत", चिनियाँ कथा सात काटी सलाई, भियतनामी उपन्यास "अजम्बरी गाउँ" लगायतका विश्वका कैयौँ क्रान्तिकारी साहित्यलाई नेपालीमा उल्था गरेर विश्व साहित्य सित परिचित हुने अवसर उनले हामीलाई प्रदान गरेका छन् । नेपाली साहित्य भण्डारलाई समृद्ध बनाउनमा ठूलै योगदान पुऱ्याएका छन् । ०६२ र ६३ को जनाअन्दोलनमा लेखक सङ्ग्रौला गणतन्त्रको पक्षमा उभिएका हुन । त्यस पछि जातीय आन्दोलन, मधेस आन्दोलनलाई हेर्ने सन्दर्भमा सङ्ग्रौलाको मसालको बुझाईसित भिन्नता देखियो । उनी कतिसम्म विपक्षमा गए भने एउटा होलीमा यसपालिको होलीमा कसकसलाई कस्तो कस्तो रङ दिनु हुन्छ भनी पत्रकारको एउटा प्रश्नमा उनले कालो रङ मोहन विक्रमलाई दिन्छु भने । सङ्घीयता र जातीय मुद्दाप्रति फरक मत भएकाले उनले त्यसो भनेका थिए । अरूलाई सेतो हरियो, रातो निलो रङ्ग बाडे । उत्पीडित, पीधपरेका जनताले अधिकार पाउने बेलामा उल्टो हावा चलाएको भनेर मसाल र मोहन बिक्रमको उनले विरोध गरे । । उनलाई आलोचना गर्नेहरूबाट सङ्गठनको अनुशासनमा बस्न नसक्ने अराजक बुद्धिजीवीको ट्याग उनले भिर्दै आएका छन् ।

**(ख)**

सङ्ग्रौलाका मौलिक र अनुदित थुप्रै रचनाहरू छन् । यहाँ सङ्ग्रौलाको एउटा रचना कथा सङ्ग्रह नलेखिएको इतिहासमाथि सामान्य दृष्टि दिन खोजिएको छ । "नलेखिएको इतिहास" कथाहरूको सङ्ग्रह हो । यसमा ८ वटा कथाहरू सङ्ग्रह गरिएको छ ।

## तमोर नदीको किनारै किनार

वर्षा यामका बेला झरी बादल नभनिकन तमोर नदीको किनारै किनार अप्ठ्यारो बाटोमा साहूको भारी बोकेर हिँड्ने दलबहादुर र जुरान सिंहको कथा हो यो । भीरको बाटोबाट खसेर तमोरमा झर्न लागेको जुरान सिंहलाई दलबहादुरले सहयोग गर्दछन । आफ्नो भारी बिसाएर साथीको भारी बोकेर उनलाई अप्ठ्यारो बाटोमा डोर्याउँदै पार लाउँछन् । कति सुन्दर वर्गीय प्रेमको कथा त्यहाँ रचिएको छ । चारलाखे साहूप्रति तीखो घृणा सृजना गर्न कथाकार सङ्ग्रौला सफल भएकाछन । कमजोर शरीर, बिमारी भरिया जुरान सिंह बाटोमा चिप्लो ढुङ्गाबाट लर्किएर तमोरमा खस्दछन । धेरै ठाउँमा डोर्याउँदै, कैयौँ ठाउँमा आफ्नो भारी बिसाएर उनको भारी बोकेर र बिमारी ज्यानलाई स्याहारसुसार गर्दै दलबहादुरले उनलाई सँगसँगै हिडालिरहेकै थिए । तर ढुङ्गाबाट चिप्लिएर जुरानसिंह तमोरमा खसिगए । आफ्नो भारी बिसाएर दलबहादुर जुरान सिंहलाई छोप्न सकिन्छ कि भनेर तमोरको किनारै किनार दौडिरहे । उनलाई उर्लदो तमोरले बगाएर निकै टाढा पुर्यायो । दलबहादुरले छोप्न सकेनन्, केही उपाय लागेन । तमोरको किनारमा घोप्टो परेर दलबहादद रोइरहन्छन । आकाश फुट्ने गरी डाँको छाडेर रोइरहन्छन ।

## पर्दाभित्र-पर्दा बाहिर

यो कथा एक जना ठुलो साहूको घरमा कामगर्ने दुई जना कामदारहरू दोर्मा र माहिलाको वार्तामा आधारित छ । साहुले आफूलाई बाहिर राजनीतिज्ञ, समाज सेवी, भलाद्मी देखाउँछ तर यथार्थताभित्र उसको मनमा दानवता छ । गरिखाने वर्गलाई पाएसम्म उसले चुस्छ । उसको बहिर देखाउने चरित्र र

# ताराखोला गाउँपालिकाको सूचना

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्रै सम्बन्धित वडा कार्यालयमा गई अनिवार्य रूपमा निःशुल्क दर्ता गराऔँ । हरेक नागरिक जिम्मेवार बनौं ।

**प्रकाश घर्तीमगर**
अध्यक्ष

**दिलकुमारी पुन**
उपाध्यक्ष

*तथा*

## ताराखोला गाउँपालिका परिवार

गाउँ कार्यपालिकाको कार्यालय
बागलुङ

भित्री चरित्रलाई उदाङ्गो पार्नु कथाको उद्देश्य भएकाले कथाकारले पर्दाभित्र र पर्दा बाहिर कथाको शीर्षक राखेको हुनुपर्छ । साउउले दोर्मा र माहिलोलाई मुखले कहिलेकाहीँ तिमीजस्ता दुखीहरूको भलाईको लागि म मन्त्री भएको हुँ पनि भनी भ्याएको थियो । सँगसँगै कामगर्ने सिलसिलामा दोर्मा र माहिलाले आफ्ना दुखका कथा व्यथा एकले अर्कोलाई कहन्छन । दुवै जना मालिकको अगाडि जोड्तोडले विरोधमा उत्रन नसके पनि पछाडिबाट सत्तोसराप गर्दछन । ब्वाँसो, सामन्ती ब्वाँसो, भालुभुत्ते शब्द प्रयोग गरेर उसको विरोध गरिरहेका हुन्छन् ।

## फर्केर हेर्दा

यो कथामा हात्ती आमा र विद्यालयका एक शिक्षक बिचको मानवीयता र आत्मीयतालाई शब्दमा चित्रण गरिएको छ । यो कथामा लम्जुङ-तनहुँ तिरको भौगोलिकता देखाइएको छ । कथामा खुदी खोला र मर्स्याङ्दी नदीको गडगडाहट सुनिन्छ । कथाका पात्र चयन, कथाको विषय, कथामा देखाइएको भूगोल सबैलाई हेर्दा यो कथा सङ्ग्रौलाको आफ्नै जीवनमा तनहुँ-लमजुङ तिर शिक्षण पेसा गर्दाको अनुभवका आधारमा तयार भएको हो भन्न सकिन्छ । पढ्दा कतै उनको जीवनको एउटा कालखण्डको आत्मसंस्मरण त हैन भन्ने आभास हुन्छ । हात्ती आमा भनिएको किनभने उनको पतिलाई गाउँमा हात्ती भन्थे । तर हाती थिएनन् । हात्ती विनाको निख्लो जिन्दगी थियो हाती आमाको । हात्ती आमाको जिन्दगीको भरोसा भनेको कान्छो छोरा थियो । माछा मार्न सिपालु । त्यहाँ पढाउँदासम्म हाती आमा र मास्टरका बिचमा निकै निकट मानवीय सम्बन्ध रह्यो । समाजमा मास्टरले समर्थक र विरोधी दुवै कमाएका थिए । स्वर्ग र नर्क, धनी र गरिब, इमानदार र बेइमान हरेक चिजमा मास्टरको आफ्नो पक्षधरता थियो । एकखालका मानिसहरू उनलाई असाध्यै माया गर्थे अर्को खालका मानिसहरू उनका कुरा काट्थे । तर हात्ति आमा मास्टरलाई जाती मान्थिन् । मास्टरले समाजमा प्रगतिशील चेतना छरेका थिए । धेरै विषयमा हात्ती आमा र मास्टरका बिचमा कुरा हुन्थ्यो । एक दिन मास्टरले त्यो ठाउँ छाडेर जाने भए । गाउँमा छदासम्म हात्ती आमालाई मास्टरले हातीकै नियास्रो मेटाएका थिए निकै राम्रा कुरा गरेर । मास्टर हिँड्ने बेला हाती आमाले भनिथिन, “उड्ने चरी उडेर आइस माया लाइस मेरो हातीको नियास्रो मेटाइस । अब फेरि उडेर जान्छस् यस्तै छ संसारको चाला ।”

## खरानीमुनीको आगो

यस कथामा तारघरे मुखिया, जितमान र उनका छोरा हरिदले मुख्य तीन जना पात्रहरू छन । जितमानको गरिखाने एउटा सानो खेतबारी थियो । तारघरे मुखियाले ऋणको ब्याज, ब्याजमाथि स्याज लगाएर सानो खेतबारी पनि खाइदिएका थिए । सिलाएको जुत्ता बाबू छोरा भएर पुर्याइदिन मुखियाको घर गएका हुन्छन् । जुत्ता दिन गएका बेला मुखियाको लडेर मरेको गोरुको मासु लिएर फर्कने बाबू छोराकै ठुलो इच्छ हुन्छ । मुखियालाई रिस उठे पछि मरेको गोरुको मासु समेत लान दिएनन् । मुखियाले घरमा आएका जितमानका बाबू छोरालाई धेरै अपमान गर्दछन् । जितमान गोरुको मासु नलिइकन फर्कन्छन् ।

मुखियाप्रति जितमानले आक्रोश र विरोध व्यक्त गर्दछन । लेखक सङ्ग्रौलाले जितमानको रिसलाई खरानी मुनिको आगोको संज्ञा दिएका छन् ।

## इन्साफको खोजीमा

यो एउटा पीडित महिलाको कथा हो । उनी पढेलेखेका सभ्य, धनाण्य भनाउँदो पतिबाट धोका पाएकी महिलाको वेदना यो कथामा उजागर भएको छ । उनको पतिले अर्की विवाह गरेर उनलाई छाडिदियो । जन्म लिए पछि मर्ने बेला आफ्नो सम्झना वा चिनो यो सन्सारलाई छाडेर जाने हरेक मान्छेको इच्छा हुन्छ । सन्तानहरू जन्माएर मरिजाँदा सन्सारलाई चिनो छाडेर जाउ भने पतिले छाडे पछि बाझी भइन, पारिजातले जस्तै आफ्ना रचना चिनो छाडेर जाउन भने उनको त्यो पनि छैन । जन्मिएको कुनै अर्थ भएन भनेर उनी दुखित छिन । आफ्नो पुरानो साथी सित सबै कुरा पोख्छिन् ।

## बितेका कुरा

यस कथामा कथाकारले एउटा बालकको बाल मनोविज्ञानलाई प्रकाश हालेका छन् । “म” पात्रको बाबा मजदुरी गरेर भए पनि छोरा “म” पात्रलाई पढाउन खोज्दछन । गरिब



परिवारमा जन्मिएको बच्चाले हुने खाने आफन्तहरूको छिमेकीहरूको कति धेरै हेपाई खेप्नु पर्छ भन्ने कुरा यस कथामा व्यक्त भएको छ । मृत्यु संस्कारलाई ढोङ्गगको रूपमा व्यङ्ग गरिएको छ ।

**टापीचाउरे**

समाजले पींध पारेको, समाजको एउटा हेलाको पात्र छालाको कामगर्ने व्यक्ति टापीचाउरे हुन । उनको बाबू बाजेको पालादेखि स्थानीय बजारको एउटा भुसतिघ्रे साहुको घरमा काम गर्दै आएका थिए । टापीचाउरेका बूढाबूढीले एक पटक भुसतिघ्रेको सामान लिन गएका थिए । बूढाबूढी बाटोमा फर्कँदै थिए । बाटोमा जङ्गल थियो । टापीचाउरे जङ्गलमा दिशा गर्न गएको बेला भालुको भेष धारण गरेको व्यक्तिले उनको श्रीमतीलाई जबरजस्ती इज्जत लुट्न हातपात गर्दै थियो । जङ्गलबाट निस्केर टापीचाउरे श्रीमतीलाई जोगाउन भालुको भेष धारण गरेको व्यक्तिसित लड्छन् । लड्दा लड्दै थाहा हुन्छ की भालुको भेष धारण गरेको व्यक्ति आफ्नै साहु भुस तिघ्रे थियो । आफूले भगवान सरह ठानेको मालिकप्रति टापीचाउरेको सम्पूर्ण विश्वास समाप्त भयो । भुसतिघ्रे त्यहाँबाट भाग्यो । अर्को साहु गजेन्द्रले भुसतिघ्रेलाई माफी दे भनेर टापीचाउरेलाई फकाउँछ । च्यासे यस कथाको एउटा सचेत पात्र हो । उसले टापीचाउरेलाई साहूप्रति अन्धभक्त भएर विश्वास नगर भनेर पहिलेदेखि सम्झाइ रहन्थ्यो । आखिर साहूको चरित्र व्यवहारबाट च्यासेले भने झै छर्लङ्ग भयो ।

**नलेखिएको इतिहास**

यो मगर्नी साइली र लाहुरे साइलाको जीवन कथा हो । लाहुरे साइला २००७ सालको हुलचालमा सहिद भएका थिए । गरीवमारा राणा शासनलाई पल्टाएर जनताको गोर्मेन्ट, जनताको हुकुम, जनताको मर्जी प्राप्त गर्न भनेर साइलीको मायालाई छाडेर लाहुरे साइला युद्ध मैदानमा होमिएका थिए । युद्धमा गएर उनी कहिलै फर्किएनन । सहिद बने । राणाका विरुद्धमा लड्न गाउँका हरिहर बाजेले साइलालाई खुबै उक्साएका थिए । राणा शासनको अन्त्य भए पछि हरिहर बाजेको आलिशान महलमा चारतारे झण्डा फरफराइरहेको थियो । कहिले काहीं त्यो झन्डा फरफराएको देख्दा साइलीलाई आफ्नै लाहुरे साइलाको मुटु चलेझै लाग्थ्यो । हरिहरको सान र मान बढेको थियो । तर विचरी साइली मगर्नीले घर खर्च चलाउन नसकेर, बच्चा पाल्न गाह्रो भएर आफ्नो बच्चालाई हरिहरको घरमा गोठालो गर्न पठाउन बाध्य भएकी थिइन् । दुखीले दुखीको मर्म बुझ्दछ भने झै साइलीको

अथाह पीडामा दुखका कुरा सुनाएर मन हलुङ्गो बनाउने साइलीको साथी कान्छी सर्किनी हुन । व्यवस्था बदल्न लडेर मर्नेहरू मरी गए तर फेरि पनि दुखीको अवस्था उस्तै छ भन्ने कुरा कथामा देखिन्छ । लमजुङ, तनहुँतिरका मगरहरू काङ्ग्रेसको मुक्ति सेना बनेर नेवार, क्षेत्री लगायतका अन्य जातिका मानिसहरू सहित २००७ सालको युद्धमा होमिएका थिए । बन्दीपुर कब्जा गर्ने बेलामा केहीले सहादत प्राप्त गरेका थिए । यो कथा तनहुँ-लमजुङ तिरका मुक्ति सेनाको सङ्घर्षको पृष्ठभूमिमा तयार पारिएको हुनुपर्छ भन्न सकिन्छ । यही कथाको शीर्षकबाट यस कथा सङ्ग्रहको शीर्षक राखिएको छ ।

**(ग)**

शीर्षक चयन ठिकै छ । विस २००७मा राजनीतिक परिवर्तन आए पनि जनताको जीवन स्तरमा परिवर्तन आएको छैन भन्ने भाव बोकेको कथा "नलेखिएको इतिहास" शीर्षकको कथाबाट यो पुस्तकको नामाङ्करण गरिएको छ । नेपालमा २०४६ को राजनीतिक परिवर्तनले संवैधानिक राजतन्त्र सहितको संसदीय बहुदलीय व्यवस्था स्थापना गर्यो । शोसित जनता र देशको परनिर्भरतामा परिवर्तन आएन । ०६२ र ६३ को जनआन्दोलन पछि संसदीय गणतन्त्र स्थापना भयो । तर देश र जनताको स्थितिमा तात्त्विक अन्तर आएको छैन । केही सीमित व्यक्तिको वर्ग उत्थान भयो । आम जनता र देशको अवस्था उस्तै छ । तसर्थ यो शीर्ष कथाले उति बेलाको मात्र नभएर अहिलेको नेपाल र नेपालीको स्थितिलाई समेत चित्रण गर्दछ भन्दा गलत हुँदैन भन्ने लाग्छ ।

आवरण चित्र ठिकै छ । आवरण चित्र कसले तयार पारेको हो ? पुस्तकमा उल्लेख छैन । उल्लेख गरेको भए राम्रो हुने थियो ।

सबै कथाहरूको साइज ठिकै छ । न लामा न छोटा । कथाहरूलाई रोचक बनाउन कथाकारले उखान टुक्का प्रयोग गरेका छन् । जस्तै कथा टापीचाउरेमा "बैरीको छौडा, असत्ती किरा" "गुहुलाई चलायो गन्ध", "मालिक भनाउँदाहरूको जिभ्रामा मह र कोखामा दाँत जुन्छ ।" "जो जति ठालु हुन्छ उसको दिल त्यति नै कालो हुन्छ ।"

अन्यायपूर्ण समाजलाई सङ्ग्रौलाले सजीव ढङ्गले चित्रण गरेका छन । "फर्केर हेर्दा" शीर्षकको कथामा "म" पात्रले भन्छन्, "सिङ्गो जिन्दगी धितो राख्ता पनि सुन भन्दा महङ्गो ओखती किन्ने मेरो गच्छे छैन । सोच्छु, जीवनसँग खेलबाड गरेको मैले हैन । मेरो कीरा परेको सामाजिक परम्पराले हो । रोगको मुहान मेरा आन्द्राका घाउ हैन । मेरो मान्छे खाने समाजको न्याय निसाफको उटपट्याङ तुलो हो ।" सङ्ग्रौलाले समस्याको उठान मात्र नगरेर कतिपय कथाहरूमा समाधानको उपाय पनि बताएका छन् । जनताको एकतामा लेखकले समस्याको समाधान देख्दछ । कथा "टापीचाउरे" मा उनले लेखेका छन् "संसार भनेको माकुराको जालो हो । गरीपलाई माखा बनाएर जालोमा अल्झाउनु त ठालुको खेलो हो । गरीप दुस्खी एक गठ भएर नउठुन्जेल सन्सार रुवाबासी, हाहाकार र अत्याचारको थलो भइनै रहन्छ ।"

यी कथाहरू विस २०२० देखि २०३० का बिचमा लेखिएको प्रतीत हुन्छ । करिब ५० वर्ष पहिले लेखिएका यी कथाहरूले नेपाली समाजको त्यतिबेलाको अवस्थालाई चित्रण गर्न सफल भएका छन् । तर अहिले समय र परिस्थिति बदलिएको छ । त्यति बेला लाहुर जाने भने पछि कि त भारत, ब्रिटिस, सिंगापुर, हङकङको लाहुरे हुनुपर्दथ्यो कि त भारतमा मजदुरी वा अन्य पेसा अपनाउनु पर्दथ्यो । अहिले नेपालीहरू अध्ययन, व्यापार पेसाका निम्ति संसारका १३० भन्दा धेरै देशहरूमा पुगेका छन् । ग्रामीण साहू महाजनहरूबाट हुने शोषणको तरिकामा पनि परिवर्तन भएको छ । विचारको जग प्रगतिशीलता र प्रगतिवादलाई बनाएर नया परिस्थिति अनुसारका कथाहरूको सृजना गर्नु पर्ने आजको आवश्यकता हो ।

भारद्वाज प्रकाशन, काठमाडौँले २०४७ पौषमा यस कथा सङ्ग्रहको दोस्रो संस्करणलाई बजारमा ल्याएको थियो । दोस्रो संस्करण २ हजारप्रति प्रकाशित भएको थियो । ९० पृष्ठको यो कृतिको मूल्य त्यति बेला रू २० राखिएको छ । जमाना अनुसार त्यो मूल्य ठिकै हो । यस संस्करणमा लेखकीय, प्रकाशकीय वा भूमिका केही पनि राखिएको छैन । राखेको भए कथाहरूको बारेमा पाठकहरूलाई थप जानकारी हुने थियो । लेखकबाट अरू प्रगतिशील रचनाहरू हामीलाई प्राप्त होसभन्ने हाम्रो आसा रहिरहन्छ ।

## सैनामैना नगरपालिकाको सूचना

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्रै सम्बन्धित वडा कार्यालयमा गई अनिवार्य रूपमा निःशुल्क दर्ता गराऔँ । हरेक नागरिक जिम्मेवार बनौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**चित्रबहादुर कार्की**
प्रमुख

**बिना राना**
उपप्रमुख

*तथा*

# सैनामैना नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रूपन्देही

# आँखा आँखामा देशको चित्र



- आविष्कार कला

देशकै अत्यन्तै प्राकृतिक अनि रमणीय वातावरण भएको गाउँ हो हिमालकोट । गाउँको माथिल्लो थुम्को जहाँ जीवन नेपालको घर छ । सुर्यको किरणले गाउँमा पहिला हाजिर त्यहीं जीवनकै घरमा जनाउँछ । हिमालको पुरा मुस्कान हेर्न गाउँका जनहरु जीवनका बाउको दुई रोपनीको थुम्कोमा नआई सुखै छैन ।

पहाडको थुम्कोबाट नै जीवनले बाल्यकालदेखि चारैतिर बराबर नजर लगाएको थियो । घरमा भएका धार्मिक पुस्तकहरु पूजा गर्दै ढोग्दै, उसले घरमा नै सामान्य अक्षरसँग परिचय गरेको थियो । विद्यालय भर्ना भएपछि उसले स्कूलले सिढीहरु पनि क्रमशः पार गरिरहेको थियो । गाउँमा उपलब्ध शिक्षा लिइसकेपछि ,जीवन लाग्यो विश्वविद्यालयको शिक्षाका लागि पश्चिम नगरतिर ।

फरक वातावरणमा शुरु भयो, उसको उच्च शिक्षाको अध्ययन । बोल्ने गफ/गर्ने साथीहरुको कमीका दिनहरु व्यतीत गर्न उसलाई कठिन भएको थियो । डेराको बसाइ चार पर्खालभित्र रमाउनुपर्ने अवस्था । सम्झन्थ्यो घरभित्र बिहानै उठाउने आउने सूर्यको किरण र घरभित्रबाटै देखिने हिमालको सदाबहार मुस्कान ।

अपर्झट एक दिन कोठाभित्र प्रवेश गरिन् कलेजकी एक छात्रा र परिचय दिँदै भनिन् "म साथी शर्मा विद्यार्थी सङ्गठनमा काम गर्छु, हामी त जिल्लावासी रहेछौं । संयोगले एउटै कलेज, एउटै घरमा पो परिएछ है ।"

जीवन दङ्दास पर्यो, चिन्नु न जान्नु यति राम्री सुन्दरी कोठामा !

साथी : "तपाईं घर हिमालकोट होइन ?"

जीवन : "हो, हजुरको ।"

साथी : "मेरो त दक्षिणी भेग नि बेसींटार । म पहिलेदेखि यहीं बसेर पढेकी, तपाईंहरु जस्तो गाउँबाट आउनु भएका धेरै साथीहरुलाई सहयोग गर्छौं हामी । केही भए भन्नुहोला ! हरदम तपाईंको साथमा छौं हामी । बाई..... "

राजनीति अलिअलि बुझेको उ, साथी शर्मा बाहिर गएपछि उ फेरि दङ्दास पर्‍यो । आफ्नै जिल्लाको केटी विद्यार्थीको नेता । लाल सलाम र जय नेपाल केही पनि भन्दैन । विद्यार्थी सङ्गठनको नाम त भन्नुपर्ने, त्यो पनि भनिन । उसले दिमाग पुर्‍यायो कलेजमा परिचय कार्यक्रमको दिनमा, कलेजमा उसले जिल्लाको सरकारी विद्यालयबाट उच्च अङ्क ल्याउने ऊ ।

हिजो मात्रै किनेको चम्किलो ऐनामा अनुहार हेर्दै भन्छ –" म पनि नि हिरो छु नि ! सायद यो केटीले त्यहीं कलेजमा देखेको हुनुपर्छ । अब त केही गफ गर्नुपर्छ, यसले त हरदम साथमा छौं भन्छे । नाम पनि साथी शर्मा कस्तो हो ।"

एक दिन ढोकाबाट आवाज आयो– "हेलो जीवन कलेज जाने होइन ?"

कपाल लर्काउदै गरेको जीवन दंग परेर ढोका खोल्यो । जवानीमा हल्का श्रृंगारसहितकी साथीलाई देखेर हेरेको हेरै भयो ।

–"कपाल धेरै नलर्काउ केटीहरु पछि लाग्लान् है ! ख्याल गर पढ्न आएको मान्छे ! हामी केटीहरु त अलि अलि मेकअफ गर्न परि गो ।"

लजालु पाराले साथीका साथ उ कलेज पुग्यो, मुस्किलले दश मिनेटको बाटोमा जीवन चार शब्द बोल्यो होला । त्यसबाहेक साथीका कुरामा टाउको हल्लायो ।

कलेजको गेटमा पुगेपछि जीवनले भन्यो– "हजुरको कुन सेक्सन हो ?"–"मेरो र तिम्रो एउटै सेक्सन हो नि लाटा ! अब मलाई हजुर नभन है ! तिमी कक्षामा जाँदै गर, म सङ्गठनको अफिसमा गएर आउँछु । "

# बागलुङ नगरपालिकाको नगरवासीमा अनुरोध

- जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाईं सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
- लैङ्गिक हिंसापीडित महिला तथा बालबालिकाहरूका लागि सुरक्षित आश्रयस्थल सहितको अल्पकालीन महिला सेवा केन्द्र बागलुङ नगरपालिकाबाट सञ्चालनमा रहेकाले पीडित महिला तथा बालबालिकाले सम्पर्क गर्नु हुन अनुरोध तथा जानकारी गराइन्छ ।

**जनकराज पौडेल**
प्रमुख

**सुरेन्द्र खड्का**
उपप्रमुख

*तथा*

## बागलुङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बागलुङ

म कसरी लाटो ? अझ हजुर नभन भन्छे । नेता भन्दैमा बाठि पल्टेकी ।...सोच्दै कक्षाको अन्तिममा रहेको खालि बेञ्चमा गएर जीवन बस्यो । विद्यार्थी थपिएसँगै दुई जना केटासाथीहरु आएर जीवनसँगै बसे । दुवै नयाँ केही बोलचाल भएन ।

कक्षा शुरु गर्ने प्राध्यापक सँगभित्र प्रवेश गरिन् साथी शर्मा हलो हलोको आवाजमा सबैलाई हात हल्लाउँदै हाँस्दै उनी गएर बसिन् जीवनको छेउमा । हाम्रो गाउँले सित बस्नुपर्यो, साथीको बेन्चमा बस्दाको शब्द हो यो ।

त्यो दिनको पैंतालीस मिनेटको समय जीवनले पैंतालीस दिन झैं लाग्यो । कापीमा कुनै शब्द पनि लेखेन, सरले भनेको कुनै शब्दहरु पनि सुनेन । उसले आफ्नो मुटुको धड्कन बाहेक अरु केही चाल पाएन । दोस्रो पिरियड नपढी कोठामा जाने सोचका साथ जीवन बेन्चबाट उठ्ने विचारमा निश्चित थियो । दायाँ तिरबाट जीवनको काँधमा हात राख्दै साथी शर्मा उठेर भनिन्– "ल सुनेर मात्रै कलेजको पढाइ हुंदैन, नोट पनि बनाउन पर्छ है जीवन ! म अब बाहिर जान्छु, प्रमुख सरसँग वार्ता गर्नु छ पढाइको बारेमा । नोट बनाउने तरिकाले लेख्नू है, म त तिम्रो नोट पढ्ने हो, हामी त विद्यार्थीका कामले गर्दा पढ्न भ्याईदैन ।"

कलेजको पढाइ सकिसकेपछि कोठामा खाना बनाउँदै सोच्यो, म गाउँमा नोटहरु बनाएर पढ्नेलाई बडो यो नेताले नोट बनाएर पढ भनेर सुझाव दिन्छे !

प्रथम वर्षको परीक्षा नजिकै आयो । कपाल लर्काएर हिंड्ने, बाहिर कम बोल्ने तर पढिरहने जीवनको दैनिकी थियो । यस अवधिमा उसको र साथीको सम्बन्ध निकै अगाडि बढिसकेको थियो । पश्चिमनगरका हलमा लागेका नयाँ सिनेमाहरु कम्तीमा दुई पटक उनीहरूले नहेरेको सायदै भएनन् होला । पश्चिमनगरको दायाँ–बायाँका घुम्न लाएक ठाउँहरु पनि बाँकी भएनन् । हुंदा–हुंदा उनीहरूको मायाको योजनामा घर परिवार मात्रै होइन देश चलाउने सम्मका कुरा हुन्थे ।

परीक्षाको तयारी पनि जीवन र साथी शर्माले सँगै गरे । साथीले भन्थिन् "फेल भए त बर्बाद हुन्छ नि !"

जीवनले आफ्नो नोट जति साथीलाई दिन्थ्यो । त्योभन्दा बढी साथीले जीवनको नोटका गल्ती सुधार गरिदिने गर्थिन् ।

तोकिएको समयमा कलेजको दुई वर्षको पढाइ पुरा भयो । नतिजा राम्रो आयो । कलेजमा टप गर्ने पहिला विद्यार्थी जीवन नेपाल भयो । छात्रा तर्फबाट साथी शर्मा भइन । जीवनको विषयमा त कसैले प्रश्न उठाएनन्, तर पुरा पिरिएड नपढ्ने त्यो नेता केटीले कसरी टप गरी ?... । सबै अचम्मित भए । विभिन्न विद्यार्थीका विभिन्न तर्क आए । यसै बिचमा एउटा तर्क आयो "त्यो जीवने जुल्फेले त सधैं नेतालाई पढाउँदो रहेछ नि !" अर्कोले भन्यो– "आफ्नो छायालाई नपढाएर के गरोस् ।" अर्कोले भन्यो– "धेरै बाठी छे यार त्यो केटी ।"

परिवारको सल्लाह अनुसार जीवन स्नातक अध्ययनका लागि राजधानीतर्फ लाग्यो । तर साथी चाहिं परिवारको सल्लाहमा आफ्नो विद्यार्थी राजनीतिको भविष्य त्यहीं नै खोजिन ।

रात्रिबसमा जीवनलाई बिदा गर्दै भनिन्– "राम्रोसँग पढ्नू, देशका लागि धेरै गर्नु छ, कलेजमा तिम्रो नामको एक जना पूर्वतिरको विद्यार्थी नेता हुनुहुन्छ, मैले भनी दिएको छु, केही परे भन ल, नबिर्स नि !"

राजधानीको केन्द्रीय क्याम्पसमा जीवनको अध्ययन बढ्दै थियो । उ पूर्वेली जीवन नेपालीलाई कहिलेकाहीं भेट्थ्यो, अझ छात्रवृत्तिको समयमा बढी भेट्ने गर्थे । पूर्वेली "मेरो जीवन मीतज्यू" भन्दै अरूसँग परिचय गराउथ्यो, नाम एउटै, उहाँ नेपाल म नेपाली । हाम्रो पश्चिम बहुमुखी क्याम्पसको स्ववियु सभापति साथी शर्माको साथी अनि गाउँले पनि हो उहाँ ।"

क्याम्पसमा हुने विद्यार्थी कार्यक्रममा आंशिक उपस्थिति हुने गर्थ्यो जीवन । उसलाई प्रायः निमन्त्रणा पूर्वेली जीवनबाट नै आउथ्यो । गाउँमा शिक्षक हुने सपना बोकेको जीवन नेपालले केन्द्रीय क्याम्पसमा आएपछि लोकसेवाको जाँच दिई स्नातक सक्दा नसक्दै नेपाल सरकारको बेरोजगार मन्त्रालयमा नायब सुब्बामा नाम निकाल्यो । पूर्वेली जीवन लगायत केही साथीहरूलाई खुशियालीको भोज पनि खुवायो ।

स्नातकोत्तरको पढाइ शुरु हुन अगावै साथी शर्मा राजधानी आईन् । जीवन नेपाललाई उसको मन्त्रालय पुगेर बधाई दिइन् । कार्यालय समयपछि फर्कने समयमा भनिन्– "खै मलाई बिशेष भोज कहिले हो ।" जीवन भन्छ

"तिमीलाई ३६५ दिनै भोज नि साथी ।" वाह् डियर वाह्, ।

स्नातकोत्तर पढाइमा त्रिभुजका तीन कोण थिए जीवन नेपाल ,साथी शर्मा र जीवन नेपाली । आ-आफ्नो सुरमा थिए तिनै जना । जागिर एक नियमित ड्युटी थियो जीवन नेपालको । जीवन नेपाली र साथी शर्मा राजनीतिमा नै आफ्नो भविष्य खोज्दै थिए ।

जीवन नेपालले नेपाल सरकारको अधिकृतमा नाम निकाल्यो । नियुक्ति भयो दुर्गम विकास मन्त्रालयमा । कामका लागि खटियो "क" वर्गको कार्यालयमा । जीवन नेपाली र साथीसँग बिदा भई उ लाग्यो कार्यालय तिर ।

जीवन नेपाली र साथी शर्मासँग उसको सम्पर्क केही पातलिँदै गयो । दुई वर्षपछि त नयाँ वर्ष र विजया दशमीमा शुभकामना बाहेक अन्य समयमा जीवन र साथीसँग उसको सम्पर्क पूरै टुट्यो । यता जीवन नेपाली र साथी शर्माको विद्यार्थी राजनीति सँगै मायामा पनि एकाकार भइरहेका थिए ।

तराईका जिल्लामा मात्र सरूवा भइरहेको, दस वर्षसम्म पनि बढुवा नभएको रन्कोमा थियो जीवन नेपाल । यसैबिचमा सरकारले राष्ट्रिय अन्तर्जातीय आयोगको प्रमुखमा नियुक्ति गऱ्यो साथी शर्मालाई । यो बिचमा पूर्वेली जीवन नेपाली र साथी शर्माले केन्द्रीय नेताहरू साक्षी राखि आधुनिक विवाह गरेका थिए । यता, जीवन नेपाल पनि जागिरे एक कर्मचारीसँग विवाह बन्धन बाँधिएको थियो ।

पूर्वेली जीवन केही समयदेखि नै शक्तिशाली मन्त्रीको स्वकीय सचिवको रूपमा कार्यरत थिए । बढुवाको लागि दुर्गममा नम्बर लिन, सरूवाका लागि भनसुन र पुरानो साथी भनौं वा मनको साथीलाई बधाई दिन साथी शर्माकोमा हिंड्यो जीवन नेपाल ।

साथी शर्मालाई बधाई दिनेहरूभन्दा पदलाई चाकडी गर्नेहरूको भिड थियो । पुग्यो जीवन नेपाल पनि । गेटभित्र छिर्ना साथ साथीले देखिन् जीवनलाई र हात फैलाउँदै भनिन्-"जीवन तिमी नेपालमै छौ ?"

जीवन मुस्कुरायो । क्रमशः बधाई दिनेको समूह घटिरह्यो परिवारका सदस्य बाहेक जीवन मात्रै भयो त्यहाँ । उनीहरूबिच विगतदेखिका निकै गफ चलिरहे, सम्पर्क बिहिन एक दशकको आरोप प्रत्यारोपमा कुरा चल्यो ।

जीवन : "तिमीले पहिले बिहे गऱ्यौ नि थाहै नदिएर । "

साथी : "होइन तिमी हो नि ! मैले त कुरेकी थिएँ नि, तिमीलाई कसम !"

जीवन : "तिमी बेइमानी नि ! पहिला बिहे गर्ने अनि कसम खाने है, धोकेबाज नै हो तिमी । "

साथी : "होइन होइन तिमी धोकेबाज ।"

दुवैको लामो दोहोरी चलिरहेकै बखत भित्रबाट साथी शर्माको छोरीले भनिन् -"मामु बाबाको फोन आयो । "

फोन उठाउँदै साथीले भनिन्- "छिटो घर आउनुस् ! जीवन आएका छन् तपाईंलाई भेट्न ।"

उताबाट आवाज आयो -"को जीवन ?"

मेरो गाउँको साथी क्या ! तपाईंको मीत !

-"ए हो र ल ल गफगाफ गर्दै गर न म आईहाल्छु ।"

फोन राखेर आइन्, "तिम्रो प्रगति सुनाउ त जीवन ! घरघडेरी के कति बनायौ ? ..कर्मचारीलाई त मालामाल छ नि हो !"

निराशाको स्वरमा बोल्यो जीवन- "के को प्रगति हुनु ! एउटा बुकुरो चोकमा जीवन कमप्लेक्श छ । नगरतिर चारवटा घडेरी छन्, बरबाद छ, केही कमाउन सकिएन ।... तिमीहरूको के छ नि ? दुवै जना राजनीतिमा ! गाह्रोसाह्रो के छ कुन्नि ?"

"के हुनु र ! यो दुई रोपनी जमिन हो हाम्रो । जीवन-साथी उपचार कलेज छ । प्रदेशका राजधानी पूर्वीनगर र पश्चिम नगरमा दश बिगाहा प्लटिङ गरेका छौं । काठमाडौं पनि अलिअलि घडेरीहरू छन् बरू तिमीलाई कतै चाहिन्छ भने भन है !" साथी शर्माले प्रगति-विवरण सुनाइन् ।

दुवै जनाको जागिर छैन, कसरी कमाउँछन् हो मान्छेले राजनीति गरेर ?...जीवनले मनमनै सोच्यो, तर बोली फुटेन ।

साथी पनि सोच्दै थिइन् यो सरकारी कर्मचारीले कति कमाएका हुन् ?

जीवन र साथीले एक-आपसमा हेराहेर गरिरहे, ती दुईका आँखा आँखामा प्रस्ट देखिन्थ्यो देशको चित्र ।

मल्लरानी ३ प्युठान

# जीतबहादुरको नासो



– कल्पना पौडेल 'जिज्ञासु'

भारतको केरलामा कार्यरत जीतबहादुर दुई महिनाको बिदा लिएर नेपाल फर्केको थियो । उता घरमा बुढा भएका बुवा आमाको साथमा श्रीमती र तीन छोरीसहित छ जनाको परिवार थियो । गाउँको घर, थोरै मात्रै जग्गा जमिन, त्यसमा खेतीपाती गरेर जेनतेन मुख र मुठ्ठी जोड्ने काम चल्दै थियो । जीतबहादुरकी श्रीमती मैनाले तीन ओटा बाख्रा पालेकी थिइन् । छोरीहरु सानै थिए । बुढा भएका बुवा आमा र साना बाल बच्चालाई गोरसको लागि एउटा दुहुनो भैंसी गोठमा थियो ।

आज लाहुरे आएको दिन घरमा छिमेकीहरु जम्मा भएका थिए । तीन वर्षपछि परिवार आफन्त र छिमेकीलाई भेट्न पाउँदा जीतबहादुर असाध्यै खुसी थियो । छोरीहरु नयाँ लुगा लगाएर चकलेट खाँदै रमाउँदै, खेल्दै थिए ।

भारतमा हुँदा जीतबहादुरसँगै कामगर्ने गोपाल मानको घर पनि त्यहीं गाउँमा थियो । गोपाल मानले केही सामान घर पठाएको हुँदा नासो छोड्न भन्दै जीतबहादुर माथिल्लो गाउँतिर लाग्यो । नयाँ बिहे गरेर आएकी अनितासँग भेट भयो । अनिताले गाउँको स्कुलमा पढाउने गर्थिन् । जीतबहादुरलाइ देख्न साथ अनुमान लगाइन यो लाउरे पक्कै मैनाको श्रीमान हुनुपर्छ भनेर । अनिताले उनीहरूको बच्चालाई पढाउथिन् ।

अनिता : नमस्कार सर !

हजुर मैनाको श्रीमान है ? कता हिंड्नु भएको ? आरामै आइपुग्नु भयो रू

जीत : हजुर म मैनाको श्रीमान हुँ ! राम्रै आइपुगे । तर मैले हजुरलाई चिन्न सकिन नि रू

अनिता : म अनिता थापा हजुरकी छोरीहरूलाई पढाउँछु । छोरीहरु अनि मैनाले हजुरको कुरा गरिरहन्थे अनि सोधकी ।

(एकछिन् कुराकानी गरि दुवै छुट्टिए ।)

जीतबहादुरले साथीको घर गएर नासो बुझायो र परिवारलाई भेटेर आफ्नो घर फर्कियो ।

दिनहरु बित्दै गए । जीतबहादुरको फेरि भारत फर्किने बेला नजिकिँदै थियो । यता, तीन छोरी हुँदाहुँदै सामाजिक दबाबमा छोरा जन्माउने चाहनाले मैना फेरि गर्भवती भई । पढे लेखेकी बुझेकी अनिताले धेरै सम्झाउने कोशिस गर्थिन् तर मैनाको सोच परिवर्तन गर्न सकिनन् । अनिता स्कुल पढाउने कामको अलावा जीवन बिमाको काम गर्थिन् ।

चाडबाड सकिए, हिउँद लाग्यो, घरमा खर्चको जोहो गर्नुपर्ने दिन आउँदै थियो । अन्ततः जीतबहादुर पुनः भारत जानुपर्ने भयो ।

आज जीतबहादुर भारत जागिरमा फर्किने दिन । गाउँलेहरु भेटघाट गर्न घरभरि जम्मा भएका थिए । कसैले आफ्ना छोरालाई पठाउन गुन्द्रुक र अचारको पोको लिएर आएका थिए । बाहिर सबैजना बसेर गफगाप : गर्दै थिए ।

यत्तिकैमा जीतबहादुरका बुढा बाउले दुखेसो पोखे : अब कहिले आउँछस् नि जितु रू

हामी डाडामाथिका घाम भैगयौं, कति बेला अस्ताउने हो थाहा हुँदैन । फेरि भेट्न पाइने हो कि होइन ।

यति भन्दै सुक्कसुक्क रून लागे ।

आमाले छोरालाई बाटोमा खानेकुरा बनाएर झोलामा राख्दै भनिन् : बाबु केही खानेकुरा बाटोमा खानु, केही डिउटीबाट आउँदा भोकाएको बेला खाएस है ?

अब कहिले आउने होस् तँ आउँदासम्म मरिन्छ कि बाबु । (आमाको पनि उस्तै कुरा)

आमा : चाडै फर्कस है....

मझेत्रोले आँसु पुछ्दै आमाभित्र पसिन् ।

बिदावारी गरी जीतबहादुर भारततर्फ लाग्यो । अलि तल पुगेपछि शिक्षिका अनितालाई भेट्यो, केहीबेर

कानेखुसी गरे । जीतबहादुरले झोलाबाट केही समान निकालेर अनितालाई दिंदै अघि बढ्यो । गोरखपुरको रेल भेट्न हतार भइसकेको थियो ।

सुनौलीमा पुगेर खाजा खायो । बाटो खर्चको लागि भारतीय पैसा साट्यो र गोरखपुरको बसमा चढ्यो । दुई तीन घन्टाको यात्रा पछि गोरखपुरको रेल स्टेसन पुग्यो । त्यहाँ अरु नेपालीहरूसँग भेट भयो । केरला जाने साथीसँगै टिकट काटेर रेलमा चढेर जीतबहादुर आफ्नो गाउँ छोडेर टाढाको यात्रा तय गर्दैछ ।

मनभरि परिवारको सम्झना आयो । यो लाहुरे जिन्दगी न परदेश लागेर टन्न पैसा कमाउन सकिने न परिवारसँग बसेर आँटो पिठो खान पुग्ने । घरीघरी आफैलाई धिक्कार्थ्यो । आफ्नो गरिवीप्रति । राज्यले देशका युवालाई स्वदेशमै रोजगार नदिंदा बिदेशिनु परेको ब्यथाले भरिएको र कुडिएर अमिलो भएको मन लिएर रेलको आवाजसँगै उसको यात्रा छोट्टिदैं थियो ।

छकछक् छकछक् गदै रेल आफ्नै गतिमा हुईंकिंदै थियो । जीतबहादुरलाइ कटक्क पेट काट्यो । शौचालयभित्र अर्को मानिस रहेछ । ढोका खुलेन । पालो पर्खिरहेको बेला झुक्किएर जीतबहादुर रेलबाट खस्यो । उसको घटनास्थलमै मृत्यु भयो ।

जीतबहादुर रेलबाट खसेको खवर अर्को स्टेसनमा पुगेपछि बल्लसँगै हिंडेका साथीले थाहा पाए । घटनास्थल फोन गएर पुलिसले जानकारी गराए । नेपालीहरु मिलेर दाहसंस्कार गरे ।

यता घरमा पूरै परिवारको बोभ : एक्लैले टाउकोमाथि बोकेर हिंडेको व्यत्ति : दुनियाँबाटै हरायो । केहीदिन पछि घरमा खबर आयो । बुढा भएका बुवा आमा स–साना छोरी गर्भवती स्वास्नीको बिजोग भयो । सबैजना रून कराउन लागे गाउँलेहरु आए । सम्झाउने बुझाउने र लागे ।

आफै डाँडामाथिको घाम, छोराको काजकिरिया गर्नु पर्यो बुढेसकालमा पर्नु शोक पर्यो । जवान छोरो गयो म बुढो किन बाँच्नु पर्यो भन्दै बुवा मुर्छा परे । वृद्ध शरीर अनि शोकमा छोराको काजकिरिया गर्नै नसक्ने अवस्थामा पुगे जीतबहादुरका बाबु अनि छिमेकीलाई क्रिया गर्न लगाइयो ।

चौध दिनपछि साहुहरु ऋण उठाउन आए । जीतेले यति लगेको थियो भनि नभएको पैसा पनि माग्न थाले । बिचरा घर एक पैसा छैन के दिनु ? मौकाको फाइदा लुट्नेले कसैले भैंसी फुकाउन लागे कसैले बाख्रा । घरमा बिचल्ली भयो बुवा थला परे । छोराको खबर सुनेदेखि वृद्ध बाबु आमा शिथिल बन्दै गइरहेका छन् । पतिको नासो यस पटक छोरा जन्माउने आशामा रहेकी मैना गर्भवती अवस्थामा शोकले भोक न प्यासको अवस्थाबाट जीवन गुजार्दै थिइन् ।

गाउँका मुखियाले घर खाली गर्देउ भन्दै थिए । मैना बिरामी हुंदा जग्गा धितो राखेको स्मरण गराए । गाउँलेले टुलुटुलु हेरिरहेका थिए । साहुको ऋण कसले तिर्न सक्छु भन्ने कोही थिएनन् । बिचरी मैना हतास, निराश र स्तब्ध थिईन् । बज्र उनको शिरमाथि बजारिएको थियो । गाउँले आउथे, सान्त्वन्ना दिएर जान्थे, गर्ने, दिने कोही थिएनन् ।

महिना दिनको मासिक सकिएको थियो, मैना र वृद्ध आमा बुवा बसेर कुराकानी गर्दै थिए । अलि तलबाट जीतबहादुरको कुरा गर्दै तीनजना सुकिला मान्छेहरु घरतिरै सोझिएर आउँदै थिए । जीतबहादुरका वृद्ध बाबु आत्तिए, फेरि को के माग्न वा भन्न आएका हुन् भन्दै डराए ।

सबैभन्दा अगाडि शिक्षिका अनिता थिइन् । अर्का एक जना वडा अध्यक्ष र अर्का एक जना नचिनिएका पुरूष थिए ।

जीतबहादुरका बुवाले शिक्षिकालाई अघि लगाएर वडा अध्यक्ष आफै आएको देखेपछि नातिनीहरूले केही बिगारेका पो थिए कि ? वा छात्रवृत्ति दिन्छौं भन्दै आएछन् वा जीतबहादुरले अरु पनि ऋण लिएको थियो र उठाउन पो आएकी भन्दै अनुमान गर्दै बसे ।

पीढीमा बसेकी मैना मलिन भएर बसिरहेकी थिइन् । एकैछिनमा गाउँका अरु भद्र भलाद्मीहरूपनि भेला भए । आगनीको पुत्र बियोगमा परेका बुढा बा–आमा टोलाइरहेका थिए ।

अनिताले मैनालाई अँगालो हालिन् । सानो भेला नै भइसकेको थियो । अनिता एक जीवन बीमा कम्पनीकी अभिकर्ता थिइन् । उनले जीतबहादुर विदेशबाट आउने बित्तिकै छलफल गरेर ४० लाख रूपैयाँ बिमासँग रकमको जीवन बीमा गरी पहिलो किस्ता बुझाएर गएको बताइन् । बीमा बाँचेमा आफैले पाउने र कुनै कारणवश मृत्यु भएमा

आफूमा आश्रित परिवारले पाउने लाभ भएकोले सोही जोखिम बापतको दाबी भुक्तानीको लागि आफूहरु आएको जानकारी गराइन् । अनिताले झोलाबाट एउटा फाइल निकालिन् । मैनालाई हस्ताक्षर गर्न लगाइन् । वडाध्यक्षको हातबाट मैनालाई चालीस लाखाको चेक हस्तान्तरण गरियो ।

अध्यक्षले छोटो मन्तव्यमा भने : जीतबहादुरजीले अनिता म्याडम मार्फत जीवन बीमा गर्नु भएको थियो । दुर्घटनाबाट उहाँको दुःखद निधन भइसकेको हुनाले उहाँलाई हामीले पाउन नसकेपनि उहाँले परिवारप्रति छोडेको यो जिम्मेवारी हो । यो रकम हजुरको परिवारको पीडामा मलहम बन्न सकोस् । जीतबहादुरप्रति हाम्रो श्रद्धा छ ।

मैनाले लामो सास फेरिन्, पेटमा हुर्कँदै गएको जीतबहादुरको गर्भ अनि उनले छोडेर गएको नासो सम्झिन् । उनका लागि सबै सपना जस्तो लाग्यो । मैनालाई समूहबाट ऋण काढेर जबरजस्ती नौगेडी र झुम्का किन्दिन बाध्य पारेको याद आयो । गहनाकै लागि कति झगडा गरको स्मरण समेत गरिन् ।

जीतबहादुरले गाउँले साथी गोपाल मानसँग पैसा सरसापट गरेको कुरा अनिताबाट थाहा भयो ।

सो भेलामा मैनालाई केही बोल्न मन लाग्यो : मैले मेरो राजालाई किन बुझ्न सकिन ? कहाँ जानुभयो मेरो प्रिय ? आफू जाँदा जाँदै हाम्रो लागि यति ठुलो महान् काम गरेर छोड्नु भएको रैछ बल्ल मेरो होस् खुल्यो बुद्धि पस्यो तर के गर्नु मैले हजुरलाई गुमाई सके । उनी छाती पिटी पिटी रून थालिन् ।

यदि आज यो पैसा आउने थिएन भने हाम्रो घर बास उजाडिने थियो । म कहाँ जान्थे होला ? बृद्ध अवस्थाका सासु ससुरा र यिनी लालाबाला कहाँ लैजान्थे होला । जिन्दगीको केही भरोसा नहुँदो रैछ । भोलि म पनि रहिन भने यो परिवारको मेरा लालाबालाको अवस्था के होला ?

एकैछिनमा शरीरमा भएका सबै गहना फुकालेर एउटा मुट्ठीमा राख्दै हात उचाल्दै भनिन् :

अब मैले यी गहना लगाउँदिन । यी गरगहना र मेरो श्रीमान्को नासो यो पेटको बच्चा जन्मिएपछि यिनै गहना बेचेर सन्तानको नाममा बीमा गरिदिन्छु । बार्षिक रूपमा किस्ता तिर्न नसकुँला त्यसैले ऋण तिरेर बचेको पैसा सबै बच्चाको नाममा फिक्स बीमा जम्मा गरिदिने बाचा गर्छु । गाउँले सबै स्तब्ध भए । बिमाको महत्व केही हदसम्म बुझे ।

मैना अनिताको काखमा घोप्टो परेर रोइरहिन् ।

"भविष्यको लागि जीवन बीमा गरी निश्चिन्त हुनुहोस् ।"

**हाम्रा सेवाहरू :**

सावधिक, सावधिक (दोहोरो दुर्घटना लाभ समेत), बाजिवन, अग्रिम भुक्तानी, बालबच्चाको शिक्षा तथा विवाह, म्यादी, सामूहिक, बात्सल्य, जीवन साथी, बाल उमङ्ग, जीवन सुरक्षा बीमा ।

"बीमाको क्षेत्रमा विश्वसनीय नाम"

**राष्ट्रिय बीमा संस्थान**

प्रधान कार्यालय : रामशहथप, काठमाडौं, फोन नं ०१-४२६२५२०
पी.ओ. बक्स : ५२७, फ्याक्स नं. ०१-४२६२६१०
इमेल : info@beema.com.np, बेभसाइट : www.beema.com.np

# देवदह नगरपालिकाको नगरवासीमा अनुरोध

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाईं सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।

**हिराबहादुर खत्री**
प्रमुख

**विद्यालक्ष्मी गुरूङ**
उपप्रमुख

*तथा*

# देवदह नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
रूपन्देही

# ढुङ्गाको भाग्य

त्यो सानो ढुङ्गो हो । सानो भन्नाले त्यतो सानो पनि होइन । सानो फुटबल अर्थात् एक नम्बरको फुटबल जत्रो । त्यो समतल मैदानमा अलपत्र परिरहेको थियो । कोही त्यसमाथि टेक्न पुग्थे त कोही लतारेर कहिले यता कहिले उता पुऱ्याइदिन्थे । साह्रै सकस थियो त्यसलाई । एकपल्ट अचानक ठुलो भुइँचालो आयो । भुइँचालो आफू मात्र आएन त्यसले ठुलो हुरी पनि लिएर आयो । भुइँचालोले जमिन अलिकति उचालिदियो र सम्हालिनसक्नुको हुरीले त्यो ढुङ्गोलाई यस्तरी उडाएर लग्यो कि ढिस्कोको टुप्पोमा आसन जमाउने गरी त्यो ढुङ्गोलाई थचारिदियो । बिस्तार बिस्तार त्यो ढुङ्गो जमिनमा यस्तरी टाँसियो कि त्यसलाई आफू मजबुत भएको अनुभव हुन थाल्यो । केही नक्कली र सक्कली छुट्याउन नसक्ने मान्छेले त्यो ढुङ्गोलाई देउता ठान्न थाले । त्यो ढुङ्गोको पूजा गर्न थाले । त्यसलाई देउता नै बनाइदिए ।

त्यो नक्कली देउता हरदिन सिङ्गारिने भैगयो । फगत ढुङ्गो पनि



– सुनिलकुमार पौड्याल

सिङ्गारिएपछि त राम्रो देखिन थाल्यो । पहिलेभन्दा अलि उज्यालो पनि हुने भैगयो । त्यसमाथि किसिम किसिमको धूप, दीप, नैवेद्यले त त्यसको सुन्दरता यस्तरी बढाइदियो कि मान्छेलाई हेरुँ हेरुँ लाग्ने भयो । पहिले नजिक हुँदा गन्हाउने जस्तो ढुङ्गो अब बास्नादार भयो ।

केही मान्छेहरु त्यसका वरिपरि झुम्मिन लालायित हुन थाले । मानवहरूले त त्यो नक्कली देउतालाई चिनेका हुनाले त्यसको कुनै वास्ता गरेनन् । मतलव गरेनन् । तर केही मान्छेहरु त्यसलाई पुजिरहेकै छन् । त्यो ढुङ्गाको स्थूल शरीर भएको हुनाले आफैं त्यो हल्लिँदैन, हल्लिन चाहँदैन । त्यसलाई हल्लाउन कुनै शक्ति चाहिन्छ । त्यो पनि लरतरो हैन, अद्‌भुत शक्ति नैं चाहिन्छ । पहिलेको जस्तो विध्वंस शक्ति हैन, त्यो विध्वंस शक्तिले त फेरि त्यस्तै मूढ, स्थूल र नक्कली देउता बनाउन सकिने ढुङ्गाको मात्र संरक्षण गर्छ । त्यसलाई त्यस्तै नैं मन पर्छ ।



त्यो कति थेचरो छ भने भारी वर्षा भए पनि बसिरहन्छ रूझेरै, चट्याङ्ले छेउछाउ ताछोस्, छिया छिया होस् तैपनि मतलब छैन बसिरहन्छ, भनिहालें नी स्थूल छ नीं त ! चराचुरूङ्गीले माथमा जतिसुकै बिष्ट्याउन् त्यसको यसलाई कुनै मतलब छैन । ऊ सोच्छ किन मतलव गर्ने ? जसजसलाई जे गर्नु छ गरिरहुन् । म त टुप्पाको आसनमा छँदैछु क्या र, मलाई के को मतलब !

खुट्टाले लतारिने गरेको, खुट्टाले नैं किचिने गरेको त्यो ढुङ्गो त्यतिमाथि टुप्पोमा आसन जमाएर बस्न पाएको छ, उसलाई के चाहियो त्योभन्दा । न भूतो न भविष्यति । धुन्धकारी कहाली लाग्दो भुइँचालो र निसास्सिंदो हुरीले आफ्नो अस्तित्व जाहेर गर्न नपाएको भए त्यो ढुङ्गो कहाँ त्यो आसनमा बतासिएर पुग्न पाउँदो हो त !

अब त्यो नक्कली देउतालाई हटाउने हो भने त मानव अठोट, जाँगर र दह्रो इच्क्षा शक्तिका साथ तिनमा एकता पनि चाहिन्छ । नत्र त्यसले सक्कली देउता जस्तो बनेर झुक्याइरहन्छ, पूजा खाइरहन्छ, अझै कतिन्जेल त्यो उच्च आसनमा बसिरहन्छ किनभने सोच्दै नसोचेको मात्र हैन, त्यो स्तरको छँदा पनि थिएन, एउटा धुन्धकारीले त्यसलाई त्यहाँ पुऱ्याइदिएको न हो । पाइन सक्नुको आसन पाएपछि कसले छाड्छ र !



सन् १९७८ देखि पोखराको मुटु लेकसाइडमा सञ्चालित यस होटल बाराहीमा देशी-विदेशी पर्यटक तथा पाहुनाहरूका लागि डिलक्स, सुइट र डिलक्स सुइट कोठाहरू उपलब्ध छन् । अन्नपूर्ण हिमशृङ्खलाको दृष्यावलोकन गर्न सकिने, फिटनेस सेन्टर, स्विमिङ पुल, बैठक कोठा, चौबिसै घण्टा खुला बारलगायतका सुविधा रहेको यस होटेलबाट चितवन नेसनल पार्कसम्म घुम्ने जाने व्यवस्था पनि छ । एकपटक होटल बाराही अवश्य पुग्नुहोस् ।

HOTEL BARAHI
POKHARA

# Hotel Barahi

Lakeside, Pokhara-6, Nepal

+977-61-460617, 463526 , Email: info@barahi.com, http://www.barahi.com

**KATHMANDU RESERVATION OFFICE**

211 Bhupi Road, Naxal, Kathmandu

Tel: +977-1- 4411113,4429820, 4410480, Email: cityoffice@barahi.com

## OUR FACILITIES

- Gift Shop
- 24hrs in Room dining
- Doctor on call
- Spa treatment
- Laundry service
- No Smoking Rooms
- Parking space







- Currency exchange
- Information center
- Free WiFi service
- Swimming pool
- In room E-safes
- Safety Lockers
- Mini Ba



# रातो लालटिन

राष्ट्रिय मासिक

## अब अनलाईनमा पनि उपलब्ध छ ।

**www.ratolaltin.com**

# कलाकार



• जीवन शर्मा

रुन्छन् कराउँछन्
हाँस्छन् उफ्रन्छन्
कोरा मनका तस्बिर
कोरा कागजमा उतार्छन्
कलाकार यस्तै हुन्छन् ।

गाउँछन्, नाच्छन्, रुवाउँछन्, हसाउँछन्
सोझा आँखा टेढा पार्छन्
टेढा मन सोझ्याउँछन्, सोझ्याइदिन्छन्
कलाकार यस्तै हुन्छन् ।
आफूलाई बिर्सन्छन्
अरूलाई सम्झन्छन्
आफूलाई हराउँछन्
अरूलाई जिताउँछन्
आफूलाई निभाएर
अरूलाई बलाउँछन्
कलाकार यस्तै हुन्छन्

पहाडलाई सम्याइदिन्छन्
समतललाई पहाड बनाउँछन्
संसारबाट निस्कन्छन्
संसार मै बिलाउँछन्
फेरि नयाँ भएर उदाउँछन्
कलाकार यस्तै हुन्छन्

दुनियाँलाई कलाकारले फेर्छन्
नयाँ नयाँ युगका नयाँ तस्बिर कोर्छन्
नयाँ दुनियालाई रङरोगन भर्छन्
नव रङ्गीन संसार सबैले हेर्छन्
तर पनि
परिवर्तनको स्वाद अर्कैले फेर्छन् ।

# हतारै हतार



• निलिमा पुन

बोली राम्रो फुटेको हुन्न
कखरा पढाउन हतार
हिंड्न राम्रो थालेको हुन्न
स्कूल पठाउन हतार
कलम समाउन जानेको हुन्न
पाना भराउन हतार
मान्छेलाई सधैं हतारै हतार
बुद्धि राम्रो पलाएकै हुन्न
पाठ रटाउन हतार
पढ्न लेख्न आएकै हुन्न
रिजल्ट सुन्न हतार
पढाइ पूरा भएकै हुन्न
सर्टिफिकेट बनाउन हतार
मान्छेलाई सधैं हतारै हतार
दिन उमेर खाएकै हुन्न
जिम्मेवारी दिन हतार
बालापनले छाडेकै हुन्न
बिदाइ गर्न हतार
घरधन्दा सिकेको हुन्न
बुहार्तन कटाउन हतार
मान्छेलाई सधैं हतारै हतार
हातपाखुरा सप्रेकै हुन्न
पासपोर्ट बनाउन हतार
भरपर्दो काम पाएकै हुन्न
तलव बुझ्न हतार
कमाउन थालेको वर्ष दिन हुन्न
घडेरी खन्न हतार
मान्छेलाई सधैं हतारै हतार ।

# बडीगाड गाउँपालिकाको सूचना

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्रै सम्बन्धित वडा कार्यालयमा गई अनिवार्य रूपमा निःशुल्क दर्ता गराऔँ । हरेक नागरिक जिम्मेवार बनौं ।

**मेयरसिंह पाइजा मगर**
अध्यक्ष

**अम्मरबहादुर श्रीस**
उपाध्यक्ष

*तथा*

## बडीगाड गाउँपालिका परिवार

गाउँ कार्यपालिकाको कार्यालय, बागलुङ

# बिर्सेका कुरा



– कपिल पाण्डे

हलो बिर्सें,
कोदालो बिर्सें,
आलि लगाउन त उहिलै बिर्सेंको,
हिलोको सुगन्ध पनि बिर्सें ।
रोपाइँ नदेखेको धेरै पछि,
पसलको चामल खाँदा खाँदा,
भकारी कस्तो हुन्छ, त्यो पनि बिर्सें ।
लिँड्को बिर्सें,
डल्लेसो बिर्सें,
डल्ला फुटाउन त उहिलै बिर्सेको,
पाखा र पखेरीको महत्व पनि बिर्सें ।
खेतीपाती छोडेको धेरै पछि,
बेसाएको अन्न खाँदा खाँदा,
हलि, रोपाहरू र खेताला कस्ता हुन्छन्, त्यो पनि बिर्सें ।
ढिकी बिर्सें,
मुसल बिर्सें,
ओखल चलाउन त उहिलै बिर्सेंको,
दाँतीको आकार पनि बिर्सें ।
गाउँ छोडेर सहर पसेको धेरै पछि,
बियाँ नभएको चामल खाँदा खाँदा,
नाँग्लो कस्तो हुन्छ, त्यो पनि बिर्सें ।
जाँतो बिर्सें,
हातो बिर्सें,
घट्ट जाने बाटो त उहिलै बिर्सेको,
कुवाको पानीको स्वाद पनि बिर्सें ।
समयको चपेटामा पर्न थालेको थेरै पछि,
पेट भर्ने निउमा, फास्ट फुड खाँदा खाँदा,
तावा, ताई, हाँडी र कसौंडी कस्तो हुन्छ, त्यो पनि बिर्सें।
ठेकी बिर्सें,
मदानी बिर्सें,
मोही पार्न त उहिलै बिर्सेको,
नौनीको नरमपन पनि बिर्सें ।
कन्क्रीटको जङ्गलमा बस्न थालेको धेरै पछि,
पोकाको दूध खाँदाखाँदा,
माना, पाथीको आयतन कति हुन्छ, त्यो पनि बिर्सें ।
तुलो बिर्सें,
खडकुलो बिर्सें,
दुना, टपरी बुन्न त उहिलै बिर्सेको,
जन्ती बाख्रोको स्वाद पनि बिर्सें ।
पिर्कामा बस्न छोडेको धेरै पछि,
डाइनिङ टेबलमा बसेर खाँदाखाँदा,
संस्कारको महत्व कति हुन्छ, त्यो पनि बिर्सें ।
डोको बिर्सें,
नाम्लो बिर्सें,
चोया काटन त उहिलै बिर्सेको,
तामाको स्वाद पनि बिर्सें ।
गाउँलेबाट सहरिया भइटोपलेको धेरै पछि,
बोटलमा पाइने पानी खाँदा खाँदा,
तामे गाग्रीको पानीको स्वाद कस्तो हुन्छ, त्यो पनि बिर्सें ।
चौतारी बिर्सें,
दौंतरी बिर्सें,
घाँस दाउरा गर्न त उहिलै बिर्सेको,
लोक भाकाको सुन्दरता बिर्सें।
प्रदूषित सहरमा बस्न थालेपछि,
धुवाँ धूलो युक्त हावा खाँदा खाँदा,
स्वस्थ्य हावाको अनुभूति कस्तो हुन्छ, त्यो पनि बिर्सें ।
खै अरु के के बिर्सें,
के के बिर्सें,
गाउँले किसान हुँ भन्न त उहिलै बिर्सेंको,
आफ्नै पहिचान पनि बिर्सें ।
सम्पत्ति आर्जनलाई प्रगति ठान्न थालेपछि,
सर भन्नेहरूको नमस्ते खाँदाखाँदा,
आफ्नाहरूले धेरिएर बस्दा कस्तो हुन्छ, त्यो पनि बिर्सें ।

# बरेङ गाउँपालिकाको सूचना

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्रै सम्बन्धित वडा कार्यालयमा गई अनिवार्य रूपमा निःशुल्क दर्ता गराऔँ । हरेक नागरिक जिम्मेवार बनौं ।

**कृष्ण पौडेल**
अध्यक्ष

**डिलकुमारी पुन**
उपाध्यक्ष

*तथा*

# बरेङ गाउँपालिका परिवार

बागलुङ

# रक्तिम झिल्को



– मानबहादुर भण्डारी

बगाई पसिनाको धारा
बजाउँछु बाँझो खेतमा पाखुरी
जुटाउँछु खाने आहारा
म त हुँ गरिब सर्वहारा

न त छ खाने गतिलो गाँस
न त छ बस्ने ओतिलो बाँस
न त छ लगाउने कपडा खास
बोझिलो जीवन सधैंको निरास

न त छ खेत न त छ वारि
काम गर्न न त छ रोजगारी
यो दुखी जीवन बनेको छ भारी
पीडा छ मनमा बाँच्ने हो कसो गरि

न देख्छ कसैले गरिबको ब्यथा
न बुझ्छ कसैले गरिबको कथा
न गर्छ कसैले गरिबको वास्ता
मर्नु न बाँच्नु बेहाल छ अवस्था

जति काम गरे पनि पुग्दैन खान
भोकले रून्छन् घरमा जहान
पोल्छ भतभती जल्छ यो मन
यस्तै छ मर्म दुखीको जीवन

आपतमा छैन कोही सहारा
दुखमा बाँच्ने छैन रहर
खै कस्ले घोल्यो सुखमा जहर
मनमा उठ्छ अनगिन्ती लहर

जो काम गर्छ त्यही भोकै पर्छ
जो बसी खान्छ त्यही मोज गर्छ
कजाई हामीलाई त्यही आँखा तर्छ
हाम्रो खुन पसिनामा त्यही भुँडी भर्छ

गरिब भनी सताउँछन् हामीलाई
हेला र होचो किसान ज्यामीलाई
शासन सत्तामा बसेका छन् रमाई
हाम्रो खुन पसिनामा गरेर रजाइँ
राख्ने छन् तिनले आजीवन कजाई
भो उठौं भाइ हो अब लडौं लडाइँ

किसान मजदुर एक भई उठौं
अन्याय विरूद्ध एक बनी जुटौं
वर्ग दुस्मनलाई मिलेर ठोकौं
मुक्तिको निम्ति लाल झन्डा बोकौं।

# यिनका पिडौंला कस्ता होलान् ?

– विशाल दर्लामी



भोक, रोग र शोकमा डुबेका
यी जिन्दगीहरु
अभावमा कुदिरहका यी जिन्दगीहरु
पसिनाको अमिलो गन्धलाई
सुगन्ध मानेर
हाँसिरहेका यी जिन्दगीहरु
न त यिनलाई ऐना हेर्ने फुर्सद छ
न त मैलो चोली फेर्ने फुर्सद छ
न त फाटेको गुनियो फेर्ने नै फुर्सद छ ।
यी जिन्दगीहरु
राजधानीसँग बेखबर छन्
यी जिन्दगीहरु
सिंहदरबारसँग बेखबर छन्
कसले कसलाई ढाल्दै छ ?
को कसका विरूद्ध हुर्मत गरिरहेको छ ?
संसद् विघटन भयो ?
वा, सग्लै छ ?
सत्ताको दाउमा को कहाँ कुदिरहेको छ ?
जी–हजुरी गरिरहेको छ ?
यी घीनलाग्दा दृश्यहरूसँग
यी जिन्दगीहरु बेखबर छन् ।

# बन्दिपुर गाउँपालिकाको नगरवासीमा अनुरोध

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाईं सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।

**पूर्णसिंह थापा**
अध्यक्ष

**करूणा गुरूङ**
उपाध्यक्ष

*तथा*

# बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
तनहुँ, गण्डकी प्रदेश

# वर्षेनी बढ्दो प्राकृतिक विपत्ति

काठमाडौं । पछिल्ला केही वर्षयता मनसुनजन्यसहित विपद्का घटना बढ्दो छ । एक दशकको तथ्याङ्क हेर्दा विसं २०७२सम्म विपद्का दुई हजारभन्दा कम घटना भएका थिए ।

विसं २०७३ पछि विपद्का घटना क्रमशः दुई हजारबाट उकालो लागेकामा पछिल्ला केही वर्ष (विसं २०७५-२०७७) मा भने चार हजार बढी प्राकृतिक विपत्ति निम्तिए ।

बाढीका कारण हुने मानवीय क्षति घटे पनि पहिराबाट हुने क्षति बढ्दै जाने अर्को जोखिमको विषय बन्न पुगेको छ । अधिकांश घटना मनसुनका बेला भएकाले उक्त तथ्याङ्कले नेपालमा मनसुनजन्य जोखिम थप चुनौतीपूर्ण रहेको देखिएको छ ।

विपद् व्यवस्थापन विज्ञ कृष्ण देवकोटा पछिल्ला वर्षमा पहिराबाट हुने विपद् थप चुनौतीपूर्ण बन्दै गएको बताउनुहुन्छ । उहाँका अनुसार विपद्का दृष्टिले भूकम्पलाई छाडेर हेर्दा पछिल्लो दशक बाढीका कारणले हुने मृत्यु दर घटेको तर पहिराबाट हुने क्षति भने बढेको छ । मुख्यतः पूर्वसूचना प्रणाली तुलनात्मकरूपमा प्रभावकारी देखिएकाले र जनचेतना बढेकाले सावधानी अपनाउने क्रम बढ्दा बाढीबाट हुने क्षति घटेको हो, भलै कुनैकुनै वर्ष बढेको हुनसक्छ, देवकोटाले अगाडि थप्नुभयो, "तुलनात्मकरूपमा पहिराबाट मृत्यु बढेको छ ।"

उहाँ यसरी पहिरो बढ्नुमा पहाडी इलाकामा बाटोको सङ्ख्या वृद्धि हुने तर रोकथामका उपाए नअपनाइनु कारक हो भन्नुहुन्छ । अर्को कारण भने एकै ठाउँमा धेरै पानी (हाँडीघोप्टे पानी) पर्दा भेल पहिराले जनधनको ठुलो क्षति गराएको छ । गएको दुई वर्षमा सिन्धुपाल्चोक, बागलुङ, मनाङ, कास्की, तनहुँ, लमजुङ, पर्वतलगायत दर्जन जिल्लामा एकै ठाउँमा बढी पानी परेर भेल पहिरो आएको देखिएको छ ।

पछिल्लो एक दशक (विसं २०६८-२०७७) मा विपद्का २४ हजार ५८६ घटना भयो । उक्त विपद्बाट चार हजार ५६ को मृत्यु भएकामा त्यसको आधा मानवीय क्षति बाढी र पहिराले गराएको छ । उक्त अवधिमा सबैभन्दा बाढी पहिराले एक हजार २०५, दोस्रोमा चट्याङ्बाट ९९९, तेस्रोमा बाढीले ७९४ र चौथो नम्बरमा आगलागीले ७१० को ज्यान लियो ।

एक दशकको छ वर्ष बाढीले बढी मानवीय क्षति गराएको छ । प्राप्त विवरण अनुसार पहिराबाट बढी क्षति (विसं २०६८, ७०, ७१, ७२, ७३ र ७७ मा क्रमशः १२६, १३१, १२९, १३५, १४७ र ३०१ को मृत्यु) भएको छ । चट्याङ्ले विसं २०६८, ६९ र ७६ मा बढी मानवीय क्षति गरायो । बाढीले २०७४ सालमा मात्रै बढी क्षति (१६६ मृत्यु) गराएको छ भने आगलागीबाट विसं २०७५ सालमा सबैभन्दा बढी ८९ जनाको मृत्यु भयो । विपद्बाट एक दशकमा ८१३ वेपत्ता र आठ हजार २२९ जना घाइते भए ।



एक लाख १९ हजार परिवार प्रभावित भएकामा ५२ हजार ८३० घर आंशिक र छ हजार ४५६ घर पूर्ण क्षति भएको छ । यसबाट कूल ? ३८ अर्ब ९५ करोड १४ लाख क्षति भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ । आगलागी र चट्याङले नजानिंदोरूपमा मानवीय क्षति गराइरहे पनि घटना न्यूनीकरणको प्राथमिकतामा पर्न सकिरहेको छैन । यद्यपि, यसपालिबाट भने आगलागीका घटना नियन्त्रणमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले चासो दिन थालेको छ ।

यसपटक हेलिकप्टरमार्फत आगलागी नियन्त्रणका प्रयास गरिएको थियो । यो नेपालमै पहिलो अभ्यास भएको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल बताउनुहुन्छ । विपद्का घटना बढ्न थालेपछि सरकारले आगामी १० वर्षभित्रमा नेपाललाई विपद् उत्थानशील राष्ट्र बनाउने उद्देश्यका साथ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी १० वर्षे महाअभियान सुरू गरेको छ ।

सरकारले विपद्बाट प्रभावितको पुनःस्थापनका लागि अस्थायी आवास पुनःनिर्माण कार्यक्रमलाई समेत गएको वर्षबाट तीव्ररूपमा अघि बढाएको छ । विश्वकै अग्लोदेखि निकै होचो भूभाग रहेको र भिरालो जमिन प्रसस्त रहेकाले मनसुनजन्य विपद्बाट नेपाल उच्च जोखिममा रहेको छ ।

गृह मन्त्रालयको नेपाल विपद् प्रतिवेदन २०१९ अनुसार मनसुनजन्य प्रकोपका कारण वार्षिक झण्डै एक हजारले ज्यान गुमाउने गरेका छन् । जल प्रकोपका कारण हुने मृत्युका हिसाबले नेपाल दक्षिण एसियामा नै सबैभन्दा उच्च जोखिम भएको मुलुकमा पर्छ । भूकम्प र जलप्रकोपबाट बढी क्षति पुग्ने देशमध्ये नेपाल विश्वमा क्रमशः ११ औं र ३० औं स्थानमा छ ।

जलवायु परिवर्तनको जोखिमका दृष्टिले नेपाल चौथोमा पर्छ । प्राप्त तथ्याङ्कमा नेपालमा ७० देखि ८० प्रतिशत जनसङ्ख्या कुनै न कुनै विपद्को जोखिममा छन् । वार्षिक तीन लाख ३५ हजार जनसङ्ख्या प्रत्यक्ष प्रभावित हुने र तीमध्ये ५० प्रतिशत बालबालिका प्रभावित हुने गरेको छन् । मनसुनजन्य विपद्बाट क्षति रोक्ने पूर्वतयारी प्रमुख उपाय हो । भरपर्दो सूचना सङ्कलन, सम्भावित जोखिम र क्षतिको आँकलन, समयमै आवश्यक सूचना प्रवाह र त्यसबाट उत्पन्न हुने परिस्थितिको सामनाका लागि गर्नुपर्ने तयारी चुस्त बनाउन सकिएन भने विपद्बाट ठुलो धनजनको क्षति हुने सम्भावना हुन्छ ।

समय परिस्थिति बुझेर अवश्यक तयारी र सचेतनाका कार्यक्रम नियमित गर्नुपर्ने विज्ञको सुझाव छ । हरेक वर्ष दोहोरिने बाढी, पहिरो, डुबान चट्याङ र आगलागीबाट क्षति रोक्न उच्च तयारी आवश्यक छ ।

प्राधिकरणका प्रमुख पोखरेल जोखिम न्यूनीकरणमा ठुलो लगानी आवश्यकता रहेको औँल्याउनुहुन्छ । "जोखिम क्षेत्रका बस्ती सुरक्षित ठाउँमा लैजानुपर्छ, जोखिम आँकलन गरेर बीमा कार्यक्रम पनि चलाउन जरूरी", पोखरेलले भन्नुभयो, "पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउँदै हाम्रो उद्दार क्षमता वृद्धि गर्नु अत्यावश्यक भइसकेको छ ।" उहाँका अनुसार २०७२ सालको भूकम्पपश्चात हेर्दा एउटाले अर्कोलाई तानेको देखिन्छ ।



भूकम्पले हल्लाएर पहाड कमजोर बनायो, त्यसले पहिरो निम्त्यायो, त्यही बग्दा बाढी बढ्यो, जलवायु परिवर्तनका कारण पानी पर्ने प्रणालीमा उथलपुथल ल्यायो । अब त्यसबाट पाठ सिकेर कमजोर भूवनोट व्यवस्थापनका लागि विशेष योजना बनाउनु जरूरी रहेको पोखरेलले बताउनुभयो । नेपाल सरकारले ल्याएको विपद् व्यवस्थापनको महाअभियान त्यसैको एउटा कडी हो ।

**विपद्‌बाट कुन वर्ष, कति क्षति ?**

बाढी पहिराका हिसाबले दशकै सबैभन्दा जोखिम वर्ष २०७७ बन्न पुग्यो । गएको वर्ष मुलुकले अकल्पनीयरूपमा मानवीय क्षति बेहोरेको छ । गत वर्ष औषत् पानी पर्ने अनुमानका बिच केही ठाउँमा अतिवृष्टि भएर भेल पहिरो आएको थियो । यस वर्ष औसतभन्दा बढी पानी पर्ने भनिए पनि सिन्धुपाल्चोक र मनाङबाहेक गत वर्षको तुलनामा कम क्षति छ । यद्यपि, वर्षा भने जारी रहेकाले चुनौती कायमै छ ।

**विसं २०७८ को हालसम्म**

यो वर्षको अहिलेसम्म कूल एक हजार ३०८ विपद्का घटना भएका छन् । कूल १५१ जनाको मृत्यु भएको छ भने ३७ जना बेपत्ता छन् । यसमा सबैभन्दा बढी चट्याङबाट ३८ जनाले ज्यान गुमाएका छन् ।

पहिराले ३४ र बाढीले २६ जनाको ज्यान लिएको छ । पहिराले सबैभन्दा बढी २९ जना बेपत्ता बनाएको छ भने बाढीले सात र हावाहुरीले एक जना बेपत्ता पारेको छ । आगलागीबाट १२ को मृत्यु भएको छ । ६३ करोडको भौतिक क्षति भएको छ । यसपालि मुलुकमा सिन्धुपाल्चोक र मनाङलगायत ४८ जिल्लामा ठुलो जनधनको क्षति भएको छ ।

**विसं २०७७**

विसं २०७७ मा कूल चार हजार २०५ प्राकृतिक विपत्तिमा ५९१ जनाको मृत्यु भएको छ भने १०१ जना बेपत्ता भए । यो दशककै सबैभन्दा बढी मानवीय क्षति भएको वर्ष हो ।

पहिराले मात्रै ३०१ व्यक्तिको ज्यान लियो भने ६४ बेपत्ता भए । त्यसपछि आगलागीबाट ९७ र चट्याङबाट ७० जनाले ज्यान गुमाएका छन् । बाढीबाट ४२ को मृत्यु र ३७ वेपत्ता भए ।

**विसं २०७६**

यो वर्ष चार हजार ३४ विपद्का घटनामा ३८१ को मृत्यु भएको छ । कूल ४८ जना बेपत्ता भए । यस वर्ष सबैभन्दा बढी चट्याङका कारण ८८ जनाले ज्यान गुमाए । पहिरोले ८३ र बाढीले ७३ को ज्यान लियो ।

**विसं २०७५**

यस वर्ष चार हजार १७२ घटनामा ३६६ को मृत्यु भएको छ । जसमा सबैभन्दा बढी आगलागी र पहिराका कारण क्रमश ८९ र ८८ ले ज्यान गुमाए ।

**विसं २०७४**

यस वर्ष दुई हजार ६२९ घटनामा ४४८ को मृत्यु भयो । कूल ५७ जना बेपत्ता भएका छन् । उक्त वर्ष बाढीले १६६ र चट्याङका कारण १०५ को मृत्यु भयो । पहिराले ७५ को ज्यान लियो ।

**विसं २०७३**

विसं २०७३ मा दुई हजार ५२९ विपद्का घटनामा ४२६ ले ज्यान गुमाए । कुल ४५ जना वेपत्ता भएको अभिलेख छ । जसमा सबैभन्दा बढी पहिराले १४७, चट्याङले ११४ र बाढीले १०१ को ज्यान लियो ।

**विसं २०७२**

यो साल विपद्का (८९ घटनामा ३०) जनाले ज्यान गुमाए भने १६ बेपत्ता भए । जसमा सबैभन्दा बढी पहिराबाट १३५ जनाले ज्यान गुमाएका छन् । चट्याङले ८३ र आगलागीबाट ७३ को मृत्यु भएको छ ।

**विसं २०७१**

विपद्काका एक हजार २२३ घटनामा ४४९ जनाको मृत्यु भएको छ भने २६२ बेपत्ता भए । उक्त वर्ष बाढीबाट १२९ मृत्यु र १३३ बेपत्ता तथा पहिराबाट ११६ को मृत्यु र १२९ बेपत्ता भए । यो सबैभन्दा बढी मानिस बेपत्ता भएको वर्ष हो । चट्याङबाट १२६ ले ज्यान गुमाएका छन् ।

**विसं २०७०**

उक्त वर्ष विपद् सम्बन्धी एक हजार ४८३ घटना भएकामा ३८८ को मृत्यु र १५५ जना बेपत्ता भए । सबैभन्दा बढी बाढीबाट १३१ जनाले ज्यान गुमाए । चट्याङबाट १११ को मृत्यु भएको थियो । पहिराले ७९ को मृत्यु भएको छ ।

**विसं २०६९**

त्यस वर्ष एक हजार ७३३ विपद्का घटना भयो । त्यसमा परेर कूल २८२ जनाको मृत्यु भयो भने १५ जना बेपत्ता भए । सबैभन्दा बढी चट्याङबाट १३१ जनाको मृत्यु भयो भने पहिराले ६८ र आगलागीबाट ६३ ले ज्यान गुमाए । बाढीबाट नौ जनाको मृत्यु भयो ।

**विसं २०६८**

कूल एक हजार ५७४ घटनामा ४२४ को मृत्यु भयो भने ११९ जना बेपत्ता भए । यसमा बाढीबाट १२६, पहिरोबाट ११३ र चट्याङबाट १०३ को मृत्यु भयो । -नारायण ढुङ्गाना

# कञ्चन गाउँपालिकाको अनुरोध

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।

**गोकर्णबहादुर क्षेत्री**
अध्यक्ष

**गोमा तरामु मगर**
उपाध्यक्ष

*तथा*

# कञ्चन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कञ्चन-२, रूपन्देही, लुम्बिनी प्रदेश

# बाघ संरक्षणमा उत्साहजनक उपलब्धि : मानव–बाघ द्वन्द्व भने भयावह

काठमाडौं, १४ साउन । हरेक वर्ष जुलाई २९ तारिख अर्थात् आजका दिन विश्व बाघ दिवस मनाइन्छ ।

यस वर्ष 'बाघको अस्तित्व स् मानवको दायित्व' भन्ने मूल सङ्कल्पका साथ नेपालसँगै विश्वभर यो दिवस मनाइँदै छ । नेपालमा केन्द्रीय र स्थानीयस्तरमा विभिन्न कार्यक्रमको आयोजना गरी विश्व बाघ दिवस मनाउन लागिएको वन तथा वातावरण मन्त्रालयले जनाएको छ ।

मन्त्रालयसँगको समन्वयमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले आज वन परिसर बबरमहलमा बाघ संरक्षण सम्बन्धी होर्डिङ बोर्ड राख्ने, प्रधानमन्त्री शेरबहादुर देउवाको प्रमुख आतिथ्यमा बाघ संवाद कार्यक्रम गर्ने, बाघको बासस्थान र वन्यजन्तुमैत्री पूर्वाधार निर्माण सम्बन्धीलगायत कार्यक्रम गर्न लागेको विभागका सूचना अधिकारी हरिभद्र आचार्यले जानकारी दिनुभयो । यसबाहेक स्थानीयस्तरमा पनि विभिन्न कार्यक्रम गरिन लागेको छ ।

पाटेबाघ विश्वका १३ देशमा पाइन्छ । विश्वमा बाघ पाइने १३ मुलुकका सरकार तथा राष्ट्र प्रमुखको सन् २०१० मा रसियाको सेन्टपिटर्सवर्गमा भएको सम्मेलनले बाघको सङ्ख्यालाई सन् २०२२ सम्ममा दोब्बर बनाउने प्रतिबद्धता गरेको थियो ।

सो प्रतिबद्धता अनुसार नेपालले सन् २००९ को गणना अनुसार नेपालमा रहेका तत्कालीन बाघको सङ्ख्या १२१ लाई दोब्बरभन्दा पनि बढी २५० वयस्क बाघ पुर्‍याउने प्रतिबद्धता गरेको थियो । जुन लक्ष्य हासिल हुने दिशामा नजिक रहेको छ । मन्त्रालयले पछिल्लो राष्ट्रिय बाघ गणना २०१८ मा गरेको थियो । उक्त गणनाअनुसार नेपालमा बाघको सङ्ख्या २३५ पुगेको छ । चितवन राष्ट्रिय निकुञ्ज ९३, बर्दिया राष्ट्रिय निकुञ्ज ८७, बाँके राष्ट्रिय निकुञ्ज २१, पर्सा राष्ट्रिय निकुञ्ज १८ र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज एवंमध्येवर्ती र आसपासका वन क्षेत्रमा १६ बाघ भेटिएका थिए ।

पर्सादेखि कञ्चनपुरसम्मको तराई क्षेत्रमा आधुनिक क्यामेराको प्रयोगले सन् २०१७ डिसेम्बर १देखि सन् २०१८ अप्रिल ३सम्म पछिल्लो बाघगणना गरिएको थियो । नेपालले विसं २०६७ देखि बाघ दिवस मनाउँदै राष्ट्रियस्तरमा बाघ गणनासमेत गर्दै आएको छ । नेपालमा बाघको सङ्ख्या सन् १९९५ मा ९८, सन् २००० मा १०९, सन् २००५ मा १२६, सन् २००९ मा १२१ र सन् २०१३ मा १९८ रहेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको तथ्याङ्क छ ।

विश्वको सन्दर्भमा सन् २०१६ को तथ्याङ्क अनुसार सबैभन्दा बढी भारतमा दुई हजार २२६, सबैभन्दा कम लाओसमा दुई बाघको सङ्ख्या रहेको थियो । इण्डोनेसिया, कम्बोडिया, चीन, थाइल्याण्ड, नेपाल, बङ्गलादेश, भारत, भुटान, भियतनाम, मलेशिया, म्यान्मा, रसिया र लाओसमा बाघ पाइन्छ । विश्वभर बाघको सङ्ख्या भने तीन हजार ८९० रहेको छ ।

नेपालको तराई-भूपरिधि क्षेत्रमा सर्वेक्षण गरिएको १६ हजार १६१ वर्गकिलोमिटर क्षेत्रमध्ये ११ हजार ५७ वर्ग किलोमिटर (६८ प्रतिशत) मा बाघको उपस्थिति रहेको देखिएको छ । बाघ पाइने संरक्षित क्षेत्रमध्ये ९८ प्रतिशत क्षेत्रमा बाघको उपस्थिति रहेको देखिएको छ । संरक्षित क्षेत्रभन्दा बाहिरको बाघ पाइने क्षेत्रमध्ये ६० प्रतिशत क्षेत्रमा मात्र सो प्रजातिको उपस्थिति रहेको विभागको तथ्याङ्क छ ।

मुलुकले जैविक विविधता संरक्षणका क्षेत्रमा आशलाग्दो उपलब्धि हासिल गरेकाले र बाघ गणनाको पछिल्लो नतिजाले पनि सन् २०२२ मा बाघको सङ्ख्या दोब्बर (२५० वयस्क बाघ) पुर्‍याउने मुलुकको प्रतिबद्धता पूरा हुने विश्वास गरिएको छ ।

पछिल्लो समय वन्यजन्तु मैत्री पूर्वाधार निर्माण नहुँदा बासस्थानमा आएको सङ्कुचनका कारण र सङ्ख्यामा भएको वृद्धिले आहाराको खोजीमा बाघ मानवबस्तीसम्म पुग्दा मानवसँगको बढ्दो द्वन्द्व बाघ संरक्षणको प्रमुख चुनौती बनेको छ ।

गत आर्थिक वर्षमा मात्र बर्दिया राष्ट्रिय निकुञ्ज र आसपास क्षेत्रमा बाघको आक्रमणमा परी करिब एक दर्जन व्यक्तिको मृत्यु भएको विभागका सूचना अधिकारी आचार्यले बताउनुभयो । त्यस्तै चितवन राष्ट्रिय निकुञ्ज र आसपासका

क्षेत्रमा बाघको आक्रमणबाट पाँच जनाको निधन भएको थियो भने पर्सा राष्ट्रिय निकुञ्ज तथा बर्दियामा सवारी दुर्घटनाबाट दुई बाघ मरेको विभागको तथ्याङ्क छ ।

मन्त्रालयले वन्यजन्तुबाट हुने क्षतिमा राहत दिन राहत तथा क्षतिपूर्ति सम्बन्धी निर्देशिका जारी गरी वन्यजन्तुबाट निधन भएका प्रतिव्यक्तिका परिवारलाई ? १० लाख, घाइतेको उपचार तथा बालीनाली र अन्य भौतिक क्षतिमा समेत राहत दिने गरेको छ । यसका साथै बाघको सङ्ख्या अनुसार बासस्थानको व्यवस्थापनमा कठिनाइ, पहाडतिर (इलाम र डडेल्धुरा) पनि बाघ देखिन थालेपछि सो क्षेत्रमा संरक्षित क्षेत्र नभएकाले व्यवस्थापनमा कठिनाइ, मानव बस्तीमा बाघ पस्दा मानवीय क्षति र घाइते बाघको उद्धारमा कठिनाइ, तराईमा सडक, सिँचाइ, रेलमार्गजस्ता लामो प्रकृतिका निर्माणले बासस्थानलाई खण्डीकरण गर्ने गरेको, बाघको चोरी शिकारीलगायत पनि प्रमुख चुनौतीका रूपमा देखापरेका छन् ।


## कुश्मा नगरपालिकाको नगरवासीमा अनुरोध

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**रामचन्द्र जोशी**
प्रमुख

**सिताकुमारी काफ्ले लामिछाने**
उपप्रमुख

*तथा*

**कुश्मा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
कुश्मा

# नैनीतालमा भारी बोकेर चलेको जीवन

कालिकोट । कालीकोटका ६० वर्षीया पर बुढा शनिबार भारतको पर्यटकीय सहर नैतीतालमा भारी बोक्दै गर्दा भेटिनुभयो ।

शिरमा ढाका टोपी, नाम्लो र पिठियुँमा भारी बोकेर नैतीताल तल्ली ताल भन्ने स्थानतर्फ जाँदै गरेका उहाँले भारी बोकेरै दैनिक ? ५०० भारूसम्म कमाउने गरेको बताउनुभयो । "हामी कालीकोटका मात्रै भारी बोक्ने यहाँ ५०/६० जना नेपाली छौँ", उहाँले भन्नुभयो, "शुरूआतमा भारी बोक्न गाह्रो हुन्थ्यो, अहिले त बानी परिसक्यो ।"

उहाँ अन्य नेपालीसँगै तल्लीतालमा डेरा गरी बस्नुहुन्छ । आफू १३ वर्षको उमेर हुँदा मजदुरका लागि आएको सुनाउँदै उहाँले यहाँको कडा परिश्रमले नै परिवारको खर्च चलिरहेको बताउनुभयो । "कुनै दिन त सामान बोक्न नपाए त्यसै पनि बस्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "एक क्विन्टलसम्मको भारी बोकेर डाँडाकाडासम्म पुगेको छु ।" नैनीताल सहर उत्तराखण्डको नैनीताल जिल्लाको सदरमुकाम पनि हो । भारत तथा नेपालीको पर्यटकीय रोजाइमा पर्ने सो क्षेत्र गर्मीका मौसममा पर्यटकले भरिभराउ हुन्छ ।

पर्यटकीय सवारीसाधन आवागमनमा सहजता भए पनि त्यहाँ ठुला मालवाहक सवारी चल्न रोक लगाइएको छ । चारैतिर पहाड र बिचमा आकर्षक ताल रहेको यहाँ नेपाली प्रायः भरिया काम गर्दै आएका छन् । "कोरोनाको दोस्रो लहरका बेला पनि घर नगई यति बिताए", उहाँले भन्नुभयो, "अरु बेला घर आउने जाने भइरहन्छ ।" साठी वर्षीय वृद्ध बुढा त समाचारका प्रतिनिधि पात्र मात्रै हुन । उहाँ जस्तै वृद्ध तथा नेपाली युवा पनि नैनीताल र आसपासका क्षेत्रमा वर्षौंदेखि भरियाका रूपमा मजदुरी गरेर जिविका चलाइरहेका छन् ।

त्यसैगरी कैलालीको लम्कीका ४५ वर्षीय लक्ष्मण जोशीले पनि भरिया काम गर्न थालेको १८ वर्ष भयो । "कोरोना कहरमा घर गएको थिए", तलाउ छेउमा सामान ढुवानीमा भेटिएका उहाँले भन्नुभयो, "महिनाभरमा ? २०देखि २५ हजार भारूसम्म कमाइ हुन्छ ।"

उहाँले कोरोनाले सुनसान बनेको नैनीताल क्षेत्र केही दिनयता सामान्य बन्दै जाँदा पर्यटकको आवागमन बढेको जानकारी दिनुभयो । नैनीताल, खुर्पा ताल, भीम ताललगायत यहाँका क्षेत्रमाम करिब चार/पाँच सय नेपाली कार्यरत





छन् । "महामारीका बेला धेरै नेपाली बेरोजगार बसे", उहाँले भन्नुभयो, "कोरोनाको डरले घर गएका धेरै त फर्किएका छैनन् ।" उहाँले दुई छोराको पढाई खर्च र परिवारको अन्य खर्च भारी बोकेको कमाइले चलिरहेको बताउनुभयो ।

"नेपालमा रोजगारी भए त यहाँ भारी बोक्नु किन आउनु", उहाँले भन्नुभयो, "यहाँ चिसो मौसम भएकाले मजदुरी गर्न ठिकै हुन्छ ।" त्यसैगरी कालीकोटका कालीकोटका धनबहादुर रावत पनि अढाइ दशकदेखि नैनीताल क्षेत्रमा मजदुरी गरेर परिवारको पालनपोषण गरिरहेका छन् । "नेपालमा रोजगार भए कहाँ किनु आउथ्यौँ र हजुर", उहाँले भन्नुभयो, "यहाँ भारी बोक्ने अधिकांश नेपाली नै हुन् ।"

नैनीताल क्षेत्रमा सिमेन्ट, छठलगायत विकास निर्माण सामग्री, ग्यास, अन्य घरायसी सामान ढुवानी गरेरबापत दूरीका हिसाब र तौलका हिसाबले रकम मिल्ने गरेको छ । "ताल छेउ वरपरमाथि करिब एक किलोमिटरसम्म पनि घर छन्", रावतले भन्नुभयो, "नेपालीले भारी बोकेरै यहाँका मालिकका ठुलाठुला घर बनेका हुन् ।" कोरोनाको पहिलो र दोस्रो चरणमा पाँच महिना नेपाली मजदुर कामविहीन बनेका थिए ।

त्यसैगरी कालीकोटका प्रेम सार्कीले आर्थिक अवस्था कमजोर हुँदा आफू यहाँ आएर भारी बोक्न बाध्य रहेको पीडा पोख्नुभयो । "यहाँ आएर भारी बोक्न थालेको पनि १६ वर्ष भयो", उहाँले भन्नुभयो, "परिवार छाडेर यहाँ भारी बोक्नु बाध्यता हो ।"

नैनीतालमा भरियाका साथै सडक निर्माण, होटलमा कामदारका रूपमा पनि नेपाली कार्यरत छन् । उहाँले मुलुकमा जस्तोसुकै व्यवस्था आए पनि आफूहरु घर छाडेर मजदुरीका लागि पलायन हुनु नियति नै बनेको दुखेसो पोख्नुभयो । "जोसुकै सरकारमा आउन, जस्तो व्यवस्था आए पनि यहाँ भारी नबोकी हाम्रो त गुजारा नै हुँदैन", उहाँले भन्नुभयो, "स्वदेशमा रोजगारी भए युवा पिंढी बाहिरिनु पर्दैन ।"

प्रशान्त होटलमा विगत २३ वर्षदेखि काम गर्दै आएका बझाङ तल्कोटका प्रेम विष्ट नेपाली नैनीताल क्षेत्रमा लामो समयदेखि मजदुरी काम गर्दै आएको बताउनुभयो । "घर नगएको आठ वर्ष भयो", उहाँले भन्नुभयो, "परिवार र छोराछोरी पनि यतै साहुजीले राम्रो व्यवस्था गरेर राखिदिनुभएको छ ।" उहाँले आफू १४ वर्षका उमेरमा यहाँ आएको सुनाउनुभयो ।

"घरको अवस्था त्यस्तै थियो, मजदुरी खोज्दै यही होटलमा पुगे", उहाँले भन्नुभयो, सुरूदेखि यो होटलभन्दा अन्त काम गर्न गएको छैन ।" उहाँले नैनीताल पर्यटकीयसँगै शैक्षिक हिसाबले पनि हब नै भएको बताउनुभयो ।

"हुनेखाने सम्पन्न नेपालीका छोराछोरी यहाँ अध्ययनका लागि आउछन्", उहाँले भन्नुभयो, "गरिबीको रेखामुनि रहेका भारी बोक्न ।" उहाँले शैक्षिक दृष्टिकोणले नेपालीको रोजाइमा पनि नैनीताल पर्दै आएको बताउनुभयो ।

सुदूरपश्चिम र कर्णालीका क्षेत्रमा अधिकांश नागरिकको रोजगारीको प्रमुख गन्तव्य सदियौँदेखि भारतका विभिन्न क्षेत्र रहँदै आएको छ । कोरोनाको तेस्रो लहर आउनसक्ने चर्चा चलिरहँदा पश्चिमीका गड्डाचौकी र गौरीफन्टा नाकाबाट दैनिक दुई हजारको हाराहारीमा नेपाली रोजगारीका लागि भारत गइरहेका छन् । रासस

# जैमिनी नगरपालिकाको सूचना

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्रै सम्बन्धित वडा कार्यालयमा गई अनिवार्य रूपमा निःशुल्क दर्ता गराऔँ । हरेक नागरिक जिम्मेवार बनौं ।

**इन्द्रराज पौडेल**
प्रमुख

**लिला राना**
उपप्रमुख

*तथा*

## जैमिनी नगरपालिका परिवार

नगरपालिका कार्यपालिकाको कार्यालय

बागलुङ

# सुरूङमार्गका इतिवृत्त : नागढुङ्गाको गौरव गर्न लायक प्रगति

मुलुकमा कोभिड-१९ सङ्क्रमण जोखिम बढेसँगै दुई वटा लकडाउन भई कतिपय राष्ट्रिय गौरवका आयोजना पनि थला परिरहेका बेला नागढुङ्गा सुरूङमार्ग निर्माण प्रगति भने गौरव गर्न लायक पाइएको छ ।

कोरोना महामारीका कारण देशभर नै बन्दाबन्दी रहेको अवस्थामा जोखिम न्यूनीकरणका हरसम्भव उपाय अवलम्बन गरी अत्याधुनिक उच्च प्रविधिमार्फत आयोजनाले कामलाई तीव्रता प्रदान गरेसँगै कठिन समयमा पनि उपलब्धि हासिल गर्न सम्भव भएको हो ।

निर्माण कार्यलाई तीव्ररूपमा अघि बढाउने सन्दर्भमा केही विदेशी तथा ५० नेपाली इञ्जीनियरसहित ६०० भन्दा बढी मजदुरको अहोरात्र परिचालनपछि हाल आयोजनाको समग्र भौतिक १५.९ र आर्थिक प्रगति २५.५५ पुगेको आयोजना प्रमुख नरेशमान शाक्यले जानकारी दिनुभयो । काठमाडौँको बलम्बुस्थित तोतीपाखाबाट सुरू भई धादिङको सिस्नेरीखोलामा पुगेर अन्त्य हुने मूल सुरूङ २५८ मिटर र सहायक सुरूङको प्रगति ४९९ मिटर पुगिसकेको छ ।

लकडाउनका कारण लक्ष्यमा पुग्न भएको ढिलाइ दुई महिनाभित्रै सम्बोधन हुने तथा विगतमा छ मिटर खनिँदै आएकामा अहिले दुई सिटमा कर्मचारी खटाएर दैनिक १२ मिटरसम्म सुरूङ अघि बढेको आयोजनाले संसदीय समितिलाई जानकारी गराएको छ । जग्गाको मुआब्जा ? छ अर्बसहित करिब ? २२ अर्ब लगानी अनुमान गरिएको दुई दशमलव ६९ किलोमिटर लामो नागढुङ्गा सुरूङमार्ग विसं २०८० वैशाख १३ (सन् २०२३ अप्रिल २६) अघि नै निर्माण सम्पन्न गर्ने लक्ष्य छ । कोरोना जोखिमलाई ध्यान दिंदै आयोजना परिसरमै ३२ शय्याको आइसोलेशन केन्द्र पनि बनाइएको छ । प्राविधिक तथा मजदुर गरी यसबिचमा आयोजनामा कार्यरत ८६ जनामा कोभिड-१९ देखिएपछि केही दिन काम प्रभावित भएको थियो ।



आयोजनाको शिलान्याससँगै राज्यले नेपाल सुरुङमार्गको युगमा प्रवेशको घोषणा गरेको सन्दर्भमा उक्त निर्माणको सफलताले आधुनिक सुरुङमार्ग बनाउने दिशामा स्वदेशी प्राविधिकलाई ठुलो हौसला प्रदान गर्ने छ । अहिले नै मुलुकमा सम्भावना देखिएका १७ सुरुङमार्गको पहिचान गरी भौगर्भिक अध्ययन गर्ने कार्य क्रमशः अघि बढिसकेको छ । हुन त आजभन्दा १०० वर्षअघि चन्द्रशम्शेर जबराकै पालामा थम्सन युनिभर्सिटीमा अध्ययन गरेर फर्कनुभएका इञ्जीनियर डिल्लीजङ्ग थापाले हेटौँडा नजिक चुरियामा निर्माण गर्नुभएको ७६१ फिट लम्बाइको सुरुङलाई नेपालको ऐतिहासिक सुरुङ मानिन्छ । दक्षिण एसियामै सुरुङ नभएका बेला बेलायती ढाँचामा निर्माण गरिएको त्यो नेपालको पहिलो सडक यातायातका लागि बनाइएको सुरुङ १० फिट अग्लो थियो ।

यद्यपि मुलुकमा सडकबाहेक खानेपानी, सिँचाइ र विद्युत् आयोजना समेतका लागि करिब २७५ किमी सुरुङ निर्माण भइसकेको छ तर सवारी साधन गुड्ने अत्याधुनिक सुरुङमार्गका रूपमा नागढुङ्गा रहने छ । नौबिसे–थानकोट सडकखण्डको पिपला घुम्ती उकाल्न र त्यहाँ सडक चौडा गर्न नमिल्ने धरातलीय अवस्थाले राज्यलाई नागढुङ्गा सुरुङ निर्माणका लागि बाध्य बनाएको हो ।

गह्रौं भारवहन लिएर आउने ट्रकलगायतका सवारी साधन त्यस स्थानमा बिग्रिएर अघि बढ्न नसक्दा अत्याधिक जाम भई हजारौं यात्रुले दुःखकष्ट बेहोर्नु परिरहेको पृष्ठभूमिसँग नागढुङगा सुरुङ निर्माण सम्बन्ध गाँसिएको छ । सवारी जामबाट मुक्ति पाइने र हैरानी छल्ने विकल्पको सोचले अघि बढाइएको सुरुङ सञ्चालनमा आएसँगै यात्रामा समयका हिसाबले ४० मिनेट बचत र दूरीका हिसाबले साढे चार किमी कम हुने छ ।

अहिले जामले आक्रान्त भएर घण्टौं कुर्नुपर्ने सबै समस्या हट्नेछ । त्यस सडक खण्डमा दैनिक गुड्ने १४/१५ हजार सवारी साधनको ४० मिनेटका दरले समय बचत हुने छ । मानिसलाई बचत भएको समयको मूल्य सदुपयोग गर्ने ठुलो अवसर प्रदान हुने छ । त्यहाँ भएको सवारीचापकै कारण विदेश यात्रामा रहने कयौंको हवाई उडान छुट्ने गरेको मात्र नभई एम्बुलेन्समा आएका गम्भीर प्रकृतिका बिरामीले सडकमै देहत्याग गर्नुपरेका घटना धेरै छन् ।

सडक विभागका महानिर्देशक अर्जुनजङ्ग थापा भन्नुहुन्छ, "सुरुङ निर्माणपछि बिरामी बोकेका एम्बुलेन्स रोकिने छैनन् । बिरामीले समयमै अस्पताल पुगी उपचार पाउने र सही उपचार पाएर बच्ने सम्भावना प्रबल रहन्छ । मानिसको ज्यान पैसासँग तुलना हुन सक्दैन ।"

सुरुङ निर्माणपछि समय, तेल, पार्टपुर्जाका आयुका कारण यातायात साधन सञ्चालन खर्चको कमी मात्र होइन दुर्घटना जोखिम सम्भावना पनि न्यून हुने छ । साढे नौ मिटर चौडाइको दुई लेन रहने सुरुङको भित्री भाग यातायातका साधन बिग्रिएमा त्यसको दायाँ–बायाँबाट गाडी चलाउन मिल्ने छ । सुरुङभित्र १५ वटा पङ्खा जडान गरिनेछ । उक्त सुरुङको सफल निर्माणसँगै प्रविधि हस्तान्तरण र सीपयुक्त जनशक्ति तयार गर्न सिकाइका हिसाबले पनि कोसेढुङ्गा सावित हुने महानिर्देशक थापा बताउनुहुन्छ । अप्रत्यक्षरूपमा नागढुङ्गा सुरुङ निर्माणका क्रममा रोडा, ढुङ्गा, गिट्टी, सिमेन्ट र फलाम उपलब्ध गराउने व्यवसायीलाई काम मिलेको छ ।

यो आयोजना सफलतासँगै नेपालको यातायात क्षेत्रको पहिलो फ्लाइओभर बन्नेछ । सुरुङबाट बाहिरिने सवारी साधनको प्रयोगका लागि काठमाडौँको बलम्बु–थानकोट क्षेत्रमा निर्माण हुने फ्लाइओभर १३० मिटर लामो हुने छ । सुरुङभित्र आगलागी वा अरू दुर्घटनामा उद्धार गर्न सजिलो होस् भन्नका लागि मूल सुरुङसँगै अर्को सुरुङ रहनेछ । त्यो पनि साना सवारी साधन नै चल्ने क्षमताको रहनेछ । सुरुङभित्रका गतिविधि अध्ययन र अवलोकनका लागि अत्याधुनिक सञ्चार, बत्तीसहित सुविधासम्पन्न नियन्त्रण तथा सूचनाकक्ष रहनेछ । प्रत्येक ३०० मिटरमा आपत्कालीन द्वारको व्यवस्था हुने छ । सुरुङसँगै दुई अण्डरपास पुल बनाइनेछ । सुरुङ खन्दा निस्केको माटो, ढुङ्गा त्यही प्रयोग गर्न सञ्चयको व्यवस्था मिलाइएको आयोजनाले जानकारी दिएको छ ।

उक्त आयोजनालाई नियमितरूपमा सञ्चालन गर्न कम्तीमा ? चार करोड ४१ लाख वार्षिक बजेट अनुमान गरिएको जानकारी दिइएको छ । त्यस रकममध्ये ५८ प्रतिशत विद्युत्, २८ प्रतिशत कर्मचारी तलबभत्ता र बाँकी अरू कामका लागि खर्च हुने छ । सुरुङको मुखमा स्थानीयवासीका उत्पादन बिक्रीसमेत प्रयोजनका लागि

अत्याधुनिक सेवा केन्द्र रहनेछ । समय र प्रगतिबिच तालमेल मिलाएर आयोजनाले योजनाबद्धरूपमा काम अघि बढाएको छ ।

## चुनौती

सडक सुरूङ निर्माणको अनुभवमा कमी, गलत ठाउँमा भएमा हुनसक्ने जोखिम, स्थानीयवासीबाट सम्बोधन गर्नै नसक्ने माग र आयोजनालाई हेर्ने गलत दृष्टिकोणलगायत केही आर्थिक, राजनीतिक र स्थानीय समस्या रहेको निर्देशक शाक्य बताउनुहुन्छ ।

यसैबिच राष्ट्रियसभा दिगो विकास तथा सुशासन समितिले लक्ष्य अनुसारको काम समयमै सक्ने गरी आयोजनाको अद्यावधिक प्रगतिलगायत सम्पूर्ण विवरण विभागको वेबसाइटमा नियमित राख्न शुक्रबार निर्देशन दिएको छ ।

## कहाँ-कहाँ बनाइँदै छ सुरुङ

सुरूङ सम्बन्धी कुनै मापदण्ड नभएको अवस्थामा नागढुङ्गा आयोजनाले अन्य सुरूङ अघि बढाउन उच्च प्रविधिको प्रयोग, आर्थिक विश्लेषण आकलन गर्ने योग्यता तथा क्षमता बढाउने छ । सामाजिक र वातावरणीय पक्षमा पनि सिक्ने मौका मिलेको छ । नेपाली कालिगड र श्रमिकले पनि आयोजनाबाट धेरै महत्वपूर्ण ज्ञान आर्जन गर्ने छन् ।

यसकै आधारमा सिद्धबाबा सुरूङ अघि बढ्ने छ । रूपन्देही र पाल्पा सीमा क्षेत्रमा निर्माण हुने सिद्धबाबा सुरूङमार्गको बोलपत्र आह्वान नै भइसकेको छ । बर्सेनि हुने पहिराका घटनामा धेरैको ज्यान गएकाले त्यसलाई रोक्न एक दशमलव एक किलोमिटर लामो सुरूङ निर्माण हुने छ । त्यसका साथै चरिकोट-तामाकोशी-लामाबगर सुरूङ निर्माण हुँदैछ । काठमाडौं-तीनकुने-जडीबुटी खण्डमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमुनि सुरूङ निर्माण गर्न जाइकासँग कुराकानी गरिएकामा परामर्शदाता खटाएर अध्ययन भइरहेको छ ।

खुर्कोट-चियाबारी सुरूङमार्ग विपी राजमार्गको मुनि-मुनि निर्माणका लागि अध्ययन सकिएको छ । नवलपरासीको दुम्किवास-दाउन्ने-बर्दघाट क्षेत्रको पनि प्रारम्भिक सम्भव्य अध्ययन भएको छ । आगामी आर्थिक वर्षमा सडक विभागले थप सम्भाव्य अध्ययन गर्ने छ । पाल्पाको प्रभाष-जोर्ते क्षेत्रको पनि काम भइरहेको छ ।

सरकारको २०७८र७९ को बजेटमा सिद्धबाबा, लामाबगर, धरान-लेउती सुरूङ सुरू गर्न रकम विनियोजन भएको छ । टोखा-छहरे-गुर्जेभन्ज्याङ सुरूङका लागि चिनियाँ सरकारसँग अनुरोध गरिएकामा प्रारम्भिक अध्ययन भएको छ । कुलेखानी-भीमफेदी चीन सरकारले अध्ययन गरेकामा उद्योगी कुशकुमार जोशीको टिमलाई नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडमार्फत पिपिपी ढाँचामा बनाउन जिम्मा दिएकामा अल्झेर बसेको छ ।

मझिमटार-शक्तिखोर-जोगिमारा निस्कने अर्को सुरूङको पनि सोच अघि बढेको छ । स्वीस सरकारको अनुदानमा गणेशमान मार्गअन्तर्गत थानकोट-चित्लाङसम्म सुरूङको अध्ययन भइसकेको छ । प्रतिनिधिसभा भवन अघिल्लतिर नयाँबानेश्वर चोकमा अण्डरपास बनाउन चीन र जापानसँग कुराकानी भइरहेको जानकारी दिइएको छ ।

गौशाला-चावहिल अण्डरपासको पनि सोच अघि बढेको छ । भौगर्भिक अवस्थाका कारण पहिराबाट आक्रान्त रसुवागढी-बेत्रावती क्षेत्रमा स-साना सुरूङ निर्माण गर्न चीनले अध्ययन गरिरहेको छ । बबई-छिन्चु सुरूङ अर्को आर्थिक वर्षमा अध्ययन गर्ने सरकारको योजना छ । भक्तपुरको ताथली- काभ्रेरवीओ तथा विपीनगर-खुटिया सुरूङको पनि सोच छ । गोदावरी-काभ्रे-मानेचौरको अवधारणा अघि आएको छ । चेपाङमार्ग-मलेखु क्षेत्रको महाभारमा सुरूङ मार्गको माग छ । तीमध्ये नागढुङ्गा, सिद्धबाबा र लामाबगर पहिलो प्राथमिकता प्राप्त आयोजना हुन् ।

कसलाई प्राथमिकता दिने, यातायातको चाप कुनमा छ, छिटो बनाउँदा केबाट फाइदा हुन्छ आदि विषयको अध्ययनपछि ढाँचा र रकम सुनिश्चित गरेर मात्र आयोजनालाई अघि बढाइने सडक विभागको भनाइ छ । मध्येपहाडी, मदन भण्डारी र सिद्धार्थ राजमार्गको यात्रालाई छिटो छरितो र सुरक्षित तुल्याउन स-साना सुरूङ बनाउनुपर्छ भन्ने सोच सरकारले अघि सारेको छ । नेपाल सुरूङ युगमा प्रवेश गरिरहँदा अध्ययन, विश्लेषण र अभ्यासका काम एकैसाथ अघि बढेको छ ।

# गैंडाकोट नगरपालिकाको सूचना

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्रै सम्बन्धित वडा कार्यालयमा गई अनिवार्य रूपमा निःशुल्क दर्ता गराऔँ । हरेक नागरिक जिम्मेवार बनौं ।

**छत्रराज पौडेल**
प्रमुख

**विष्णुकुमारी कंडेल**
उपप्रमुख

*तथा*

## गैंडाकोट नगरपालिका परिवार

नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (सुस्ता पूर्व)

# जनगायक जेबी टुहुरेको निधन

काठमाडौं, १० भदौ । जनगायक जेबी टुहुरे (जुठबहादुर खड्गी)को निधन भएको छ । टुहुरेको ७८



वर्षको उमेरमा बयोधा अस्पतालमा उपचारका क्रममा बिहीबार निधन भएको हो । मङ्गलबार कलङ्की स्थित घरमा एक्कासि लडेपछि बयोधा अस्पताल लगिएको थियो । उनलाई मुटु, फोक्सो, मधुमेह र उच्च रक्तचापका दीर्घरोग समेत थियो ।

२०२४ सालदेखि साङ्गीतिक क्षेत्रमा प्रवेश गरेका टुहुरेको वास्तविक नाम जुठबहादुर खड्गी हो । उहाँले डेढ सयभन्दा बढी प्रगतिशील गीत गाउनुभएको छ । १५० भन्दा बढी जनपक्षीय गीत रेकर्ड गराएका टुहुरेको 'आमा दिदी बहिनी हो, कति बस्छौ दासी भई' बोलको गीत चर्चित छ । २०७५ सालमा उनको नाममा जेबी टुहुरे फाउण्डेसन समेत स्थापना गरिएको छ । फाण्डेसनको अध्यक्ष उनकी छोरी निर्भीका छिन् ।

टुहुरेको पार्थिव शरीर अन्तिम श्रद्धाञ्जलीका लागि दिउँसो साढे १ बजेदेखि २ बजेसम्म पार्टी कार्यालय पेरिसडाँडामा राखिने छ । उनको आजै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिने बताइएको छ ।

# गायिका निलिमा पुनको तीज गीत सङ्ग्रह सार्वजनिक




गायिका निलिमा पुनको नयाँ तीज गीतको सङ्ग्रलो सार्वजनिक भएको छ । निलिमा पुनको स्वर, शब्द, सङ्गीतमा निमार्ण भएको तीज गीतले देश विदेशमा छरिएका नेपालीका कथा र व्यथा समेटेको छ । आउ मेरा सङ्गी हो, फर्क फर्क है छरिएका जहान, वर्ष दिनको तीज पनि, इतिहासको पानामा, गाउँ गाउँमा अधिकार लगायत पाँच वटा गीत समेटेर यो अडियो गीत सङ्ग्रह तयार पारिएको छ । गाएन समूहमा रुपा पुन, हरिमाया पुन, बिमा पुन, शुकमाया बुढाथोकीले साथ दिनुभएको छ ।

# सर्वोच्चकै प्रतिवेदन भन्छ : न्यायाधीश नियुक्तिबाटै भ्रष्टाचार



काठमाडौं । न्यायपालिकाको विकृति, विसङ्गति अनियमितता, भ्रष्टाचार एवं विचौलियाको चलखेलबारे अध्ययन गर्न गठित समितिले न्यायाधीश नियुक्तिदेखिनै भ्रष्टाचार हुने औंल्याएको छ ।

सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्की संयोजकत्वको समितिले प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई उक्त निष्कर्षसहितको प्रतिवेदन बुझाएको हो ।

प्रतिवेदनमा न्यायाधीश नियुक्तिदेखि नै समस्या रहेको र न्यायिक नेतृत्वले चाहेमा सुधार गर्न सक्ने विषय राखेको उल्लेख छ ।

प्रतिवेदन बुझ्दै प्रधानन्यायाधीश जबराले प्रतिवेदन सार्वजनिक गर्ने र हुबहु कार्यान्वयन गर्ने बताएका छन् ।

करिब साढे दुईसय पृष्ठ लामो दस्तावेजले न्यायाधीश नियुक्ति प्रक्रियालाई विसङ्गतिको प्रमुख कारकको रूपमा औंल्याएको छ ।

# दलित समुदायबाट गणेश मन्दिरको मूल पुजारी घोषित

ललितपुर । जातीय विभेदमुक्त समाज निर्माणका लागि दलित समुदायबाट गणेश मन्दिरको मूल पुजारी घोषणा गरिएको छ ।

ललितपुरको गोदावरी नगरपालिका-१ गोदामचौरमा निर्माण हुन लागेको गणेश मन्दिरका लागि स्थानीयवासी लक्ष्मण रम्तेललाई मूल पुजारी बनाउने घोषणा गरिएको हो ।

सनातन गोरक्ष राष्ट्र नेपालले गोदामचौरमा आयोजना गरेको कार्यक्रममा वाचन प्रवीण पण्डित दीनबन्धु पोखरेलले रम्तेललाई कर्मकाण्ड सिकाएर मुख्य पुजारी बनाउने घोषणा गर्नुभयो ।

सो अवसरमा पण्डित पोखरेलले शासकले आफू अनुकूल शासन गर्नका लागि व्यक्तिलाई विभाजन गरेको भन्दै मानव जातलाई एउटै जात बनाउनका लागि दलितको छोरालाई पुजारी बनाइएको बताउनुभयो । "पछिल्लो समय नेपालमा जात र धर्मबिच द्वन्द्व फैलाउन खोजिएको छ, यसप्रति सबै सजग हुनुपर्छ", उहाँले भन्नुभयो ।

पण्डित पोखरेलले छुवाछूत र विभेदमुक्त समाज निर्माणका लागि भागवत सप्ताहमार्फत अभियान सञ्चालन गरिरहेका अवस्थामा पण्डित नारायणप्रसाद पोखरेलको हत्या भएको स्मरण गर्नुभयो ।

क्षेत्री समाज राष्ट्रिय महासङ्घका अध्यक्ष विष्णुबहादुर खड्काले विभेदमुक्त समाज निर्माणका लागि सनातन गोरक्ष राष्ट्र नेपालले अगाडि सारेको अभियान सराहनीय रहेको बताउनुभयो । जातमा कोही पनि ठुलो र सानो नहुने उहाँको भनाइ थियो ।

विश्वकर्मा समाज नेपालका अध्यक्ष गोपालप्रसाद विश्वकर्माले समाजमा दलित मात्र नभई हरेक समुदायमा हुने विभेदविरूद्ध युवा अगाडि बढ्नुपर्ने उल्लेख गर्नुभयो ।

सनातन गोरक्ष राष्ट्र नेपालका संयोजक अर्जुन रानाले सीप र कलाको धनी दलित समुदायलाई राम्रो व्यवहार गरेमा देशको विकासले गति लिने बताउनुभयो । विसं २०७५ मा स्थापना भएको सनातन गोरक्ष राष्ट्र नेपालले विभेदमुक्त समाज निर्माणका लागि देशभर अभियान सञ्चालन गर्दै आइरहेको अध्यक्ष रानाले बताउनुभयो ।




स्वच्छ, मनोरम तथा पारिवारिक वातावरणमा माउन्ट धौलागिरीको दृष्यावलोकन गर्दै गुणस्तरीय खाना र बस्नका लागि बागलुङकै एक मात्र उपयुक्त होटल तथा पार्टी प्यालेस ।

**एक पटक सेवा गर्ने अवसर अवश्य दिनु होला ।**

प्रोपाइटर-तालबहादुर कुँवर

# शितल होटल एन्ड पार्टी प्यालेस

बागलुङ कम्प्लेक्स, शिवधारा चोक, बागलुङ, नेपाल

फोन +९७७-६८-५२०६८५, ५२०११२, मोबाइल ९८५७६२११६४, फ्याक्स ०६८-५२०६८५

Email: info@hotelsitalbaglung.com.np, www.hotelsitalbaglung.com.np





# जलवायु परिवर्तनको नयाँ रिपोर्ट : मानव जातिका लागि थप उच्च खतरा



मानवीय गतिविधिले वायुमण्डल, समुद्र र जमिनमा विश्वव्यापी तापक्रम स्पष्ट रूपमा बढाइरहेको भन्दै संयुक्त राष्ट्रसङ्घले चेतावनी दिएको छ ।

जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी प्यानलले तयार गरेको प्रतिवेदनले प्रचण्ड गर्मी, अति वर्षा, सुक्खा र चक्रवातजस्ता परिणाम विश्वभरि नै देखिन थालेको बीबीसीले जनाएको छ ।

विगतका क्रियाकलापले हरितगृह ग्यास उत्सर्जन शताब्दीऔँसम्म जारी रहने र त्यसले समुद्र एवं त्यसको सतहलाई असर गर्ने प्रतिवेदनमा औँल्याइएको छ ।

तर अझै खराब परिणाम नआओस् भन्नका लागि अवसर रहेको र त्यसका निम्ति कार्बनडाइअक्साइड, मिथेन र अन्य हरितगृह ग्यास कटौती गर्न सकिने प्रतिवेदनले सुझाएको छ ।

यो शताब्दीमा विश्वव्यापी तापमान १.५ डिग्री सेल्सियसले अथवा त्यो भन्दा बढीले वृद्धि हुने प्रतिवेदनले अनुमान गरेको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरसले जलवायु परिवर्तन सम्बन्धी प्रतिवेदन 'कोड रेड' अर्थात् मानव जातिका लागि उच्च खतराको घन्टी भनेका छन् ।

# तालिबानद्वारा अफगानिस्तान कब्जा



अफगानिस्तानमा तालिबानले विजय हाँसिल गरेको छ । तालिबान लडाकुले राजधानी काबुल कब्जा गरेसँगै अफगानिस्तान तालिबानको नियन्त्रणमा गएको हो ।

तालिबानका प्रवक्ताले 'शान्ति पूर्ण रूपमा शक्तिको हस्तान्तरण' हुनुपर्ने बताएका छन् । उनले काबुलका नागरिक सुरक्षित रहेको दाबी पनि गरेका छन् ।

तालिबानको कब्जामा देश गएसँगै महिलाहरूको अवस्थालाई लिएर चासो र चिन्ता व्यक्त भएको छ । केही क्षेत्रमा तालिबानले महिलाहरूलाई बुर्खा लगाउन बाध्य पारेको खबर आइरहेका छन् ।

अति तीव्र गतिमा तालिबानले अफगानिस्तानमा आफ्नो नियन्त्रण कायम गर्न सफल भएको हो । मात्रै १० दिनको अन्तरालमा उनीहरूले देशका सबै प्रमुख सहरमा कब्जा जमाएका हुन् । अमेरिकाले सहयोग तथा तालिम प्रदान गरेको अफगान आर्मी तालिबान लडाकु समक्ष निरिह देखिएको हो । अमेरिकी राष्ट्रपति जो बाइडेनले केही हप्ता पहिले मात्रै तालिबानले अफगानिस्तानमा पूर्ण नियन्त्रण चाँडै कायम गर्न नसक्ने बताएका थिए ।

सन् २००१ देखि सन्यै अभियान जारी गरेको अमेरिकाले २० वर्षमा अफगान आर्मीमा गरेको लगानीका आधारमा गरेको क्षमताको विश्लेषण गलत भएको विदेश मन्त्री एन्थोनी ब्लिङ्केनले बताएका छन् ।

अमेरिकाको नेतृत्वमा अफगानिस्तानमा जारी रहेको नेटो सैन्य अभियान अन्त्य गर्ने घोषणासँगै तालिबानले नियन्त्रण कायम गर्ने क्रम सुरू गरेको थियो ।

अविरल वर्षाका कारण हाल विभिन्न स्थानहरुमा बाढी, पहिरो र डुबानले धनजनको क्षति भइरहेको छ। यस्तो अवस्थामा झाडापखाला, आउँ, हैजा, टाइफाइड जस्ता पानीजन्य रोगहरु लाग्नसक्ने ठूलो सम्भावना रहन्छ। त्यसैले नयाँ महामारी फैलिनबाट बच्न र बचाउन पानीलाई शुद्धिकरण गरेर मात्र पिउने गरौं।

## पानी शुद्धिकरण गर्ने विधिहरु

- पानी धमिलो छ भने सुरुमा पानीलाई थिग्राएर छान्ने
- पानीलाई एक भुल्को उमालेर मात्र पिउने
- उपलब्ध छ भने पानीलाई फिल्टर गर्ने
- पियुस वा अक्वा ट्याब्स राखेर शुद्धिकरण गर्ने
  - पियुस प्रयोग गर्दा एक लिटर पानीमा तीन थोपा पियुस झोल हाल्ने वा
  - ३३ मिलिग्रामको अक्वा ट्याब्लेट प्रयोग गर्दा १० लिटर पानीमा एक चक्की अक्वा ट्याब्लेट हालेर राम्ररी घुलाउने
  - पियुस वा अक्वा ट्याब्लेट हालेर पानीलाई राम्ररी सफा भाँडोले छोपेर आधा घण्टासम्म राखेपछि मात्र प्रयोग गर्ने

प्रकोपका बेला पानीजन्य रोगहरुबाट बचौँ

कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं

मास्क लगाऔं

भौतिक दूरी कायम गरौं

बेलाबेलामा साबुनपानीले हात धोऔं

नेपाल सरकार
विज्ञापन बोर्ड